# जनकपुर चुरोट कारखाना लिमिटेडको संचालन एवम् व्यवस्थापन सुधार गर्नका लागि नेपाल सरकारको मिति २०६८।४।२२ को निर्णय वमोजिम गठित




# अध्ययन कार्य टोलीको प्रतिवेदन


अध्ययन कार्य टोली

| | |
|---|---|
| सह–सचिव श्री रमेश स्थापित | –संयोजक |
| निर्देशक श्री बिपिन राजभण्डारी | –सदस्य |
| स्वकीय सचिव श्री जय नारायण महतो | –सदस्य |
| लेखा अधिकृत श्री रमेशराज पौडेल | –सदस्य |
| शाखा अधिकृत श्री पुष्परमण पोखरेल | –सदस्य |
| श्री शिव प्रसाद कट्टेल | –सदस्य |
| श्री कृष्णदेव सिं दनुवार | –सदस्य |


२०६८ भाद्र

# विषय सूची


पृष्ठभूमी ........................................................................................
कार्यादेश ........................................................................................
अध्ययन कार्य टोलीले अपनाएको कार्यविधि ..................................................
क्षेत्रीय कार्यालय, शाखा र उपशाखाहरु ........................................................
कामदार कर्मचारी ...........................................................................
जनकपुर चुरोट कारखाना लि. को वस्तुस्थिति ................................................
नेतृत्व तहमा बसेका व्यवस्थापकहरुका व्यवहार सम्बन्धी कुराहरु ..........................
रणनीतिक कुराहरु ...........................................................................
मानविय संशाधनका कुराहरु .................................................................
कारखानाको उत्पादन, खरिद, बिक्रि सम्बन्धि तथ्याङ्कहरुका कुराहरु ........................
कारखाना तत्काल संचालनमा ल्याउन प्राथमिकताका साथ गर्नु पर्ने कार्यहरु ...............
रु. ७२ करोड २० लाख ७४ हजारको सम्बन्धमा ...........................................
रु. २६ करोडको सम्बन्धमा ..................................................................
आ. व. ०६६।०६७ र २०६७।६८ को यथार्थ आय व्ययको विवरण सम्बन्धमा ............
किसानहरुलाई तिर्नु पर्ने बाँकि भुक्तानीको विवरण सहित हाल कारखानाको जम्मा अनुमानित दायित्व सम्बन्धमा ........................................................
कारखानाको मेशिनरी औजार, उपकरणहरुको वर्तमान अवस्था सम्बन्धमा ...............
मेशिनरी औजार, उपकरणको मर्मत संभार एवम् क्षमता बृद्धि सम्बन्धमा ................
कारखानाको सुचारु संचालन र सुधारका सम्बन्धमा ..........................................
(क) कारखानाको व्यवस्थापनले गर्नु पर्ने कार्यहरु ..........................................
(ख) संचालक समितिले गर्नु पर्ने कार्यहरु ...................................................
(ग) नेपाल सरकारले गर्नु पर्ने कार्यहरु .....................................................
कार्य टोलीको ठोस राय सहितको शिफारिसः.....................................................
जनकपुर चुरोट कारखानाको SWOT Analysis ..............................................
अनुसूची.........................................................................................

## पृष्ठभूमी

जनकपुर चुरोट कारखाना लिमिटेड कृषिमा आधारित आयात प्रतिस्थापन गरी राजस्वमा योगदान गर्ने उत्पादनमुलक उद्योग मध्ये एक महत्वपूर्ण उद्योग हो । राष्ट्रिय अर्थतन्त्रमा उद्योग धन्दाको योगदान बढाउदै लैजाने र जनसाधारणले उपभोग गरी आएको आवश्यक वस्तुको आपूर्तिमा आत्मनिर्भर हुनुको साथै देशको आर्थिक समृद्धि तर्फ योगदान समेत होस् भन्ने उद्येश्यले यो कारखाना कम्पनी ऐन, २०२१ अन्तर्गत दर्ता भई २०२१ सालमा तत्कालिन सोभियत संघ (USSR) को तकनिकि सहयोग प्राप्त गरी स्थापना भएको हो । संस्थापना हुँदाका बखतको पूँजी रु. २,९७,३०,०००।– र हालको अधिकृत पूँजी रु. ८,००,००,०००।– र जारी तथा चुक्ता पूँजी रु. ४,०८,३७,०००।– रहेको देखिन्छ । उद्योग दर्ता हुँदाका बखत स्वीकृत क्षमता दुई शिफ्टमा २ अरब खिल्ली रहेको थियो भने हाल क्षमता वृद्धि भई तीन शिफ्टमा तीन अरब खिल्ली चुरोट उत्पादन गर्ने क्षमता कायम भएको बुझियो ।

विगत केही बर्षदेखि यो कारखानाको उत्पादनमा ह्रास आई नोक्सानीमा संचालन भैरहेको अवस्थामा २०६७ फाल्गुण देखि उक्त कारखाना बन्द रहेकोले जनकपुर चुरोट कारखाना लिमिटेडको संचालन एवंम् व्यवस्थापन सुधार सम्बन्धी अध्ययन कार्यटोलीको गठन गरी सो टोलीले छानविन गरी प्रतिवेदन दिन उद्योग मन्त्रालयको मिति २०६८।४।२२ को माननीय मन्त्रीस्तरीय निर्णयानुसार सह–सचिव श्री रमेश स्थापितको संयोजकत्वमा निम्नानुसारका पदाधिकारीहरु रहने गरी अध्ययन कार्य टोली गठन गरिएको थियो ।

| | |
|---|---|
| १. सह–सचिव श्री रमेश स्थापित | –संयोजक |
| २. निर्देशक श्री बिपिन राजभण्डारी | –सदस्य |
| ३. स्वकीय सचिव श्री जय नारायण महतो | –सदस्य |
| ४. लेखा अधिकृत श्री रमेशराज पौडेल | –सदस्य |
| ५. शाखा अधिकृत श्री पुष्परमण पोखरेल | –सदस्य |
| ६. श्री शिव प्रसाद कट्टेल | –सदस्य |
| ७. श्री कृष्णदेव सिं दनुवार | –सदस्य |

## कार्यादेश

(क) गत फाल्गुन २०६७ देखि बन्द रहेको जनकपुर चुरोट कारखाना लिमिटेडलाई तत्काल संचालनमा ल्याउनका लागि प्राथमिकताका साथ गर्नु पर्ने कार्यहरु (व्यवस्थापन, श्रोत साधन आदि)

(ख) कारखानाको बानेश्वर स्थित घरजग्गाबाट बिक्रीबाट २०६७ जेष्ठमा प्राप्त भएको रकम रु. ७२ करोड २० लाख ७४ हजारको खर्चको यर्थाथ विवरण । उद्योग मन्त्रालयको मिति २०६७।०३।०८ को मन्त्रीस्तरीय निर्णयानुसार कारखानाले घरजग्गा नागरिक लगानी कोषलाई नियमानुसार बिक्री गर्दा प्राप्त हुने रकम ७२ करोड २० लाख ७४ हजारको बाँडफाँड (व्यवस्थापन) संचालक समितिको २०६७।०३।०३ को निर्णय बमोजिम हुने निर्णय भएकोमा तदअनुरुप खर्च गरिएको छ, छैन, साथै अर्थ

मन्त्रालयबाट स्वेच्छिक अवकासका लागी प्राप्त २६ करोड रुपैंयाको छानविन गरी दुरुपयोग भए नभएको सम्बन्धमा राय दिने ।

(ग) कारखानाको आ.व. २०६६।६७ र ०६७।६८ को आय व्ययको यर्थाथ विवरणको साथै रकम र अख्तियार दुरुपयोग भए नभएको सम्बन्धमा छानविन गरी आवश्यक कारवाहीको लागि सिफारिस गर्ने ।

(घ) किसानहरुलाई तिर्नु पर्ने बाँकि भुक्तानी समेत कारखानाको व्ययभारमा पर्ने मुख्य दायित्वहरु ।

(ङ) कारखानाको मेसिनरी औजार उपकरणहरुको वर्तमान अवस्था ।

(च) मेसिनरी औजार, उपकरणको मर्मत सम्भार एवंम् क्षमता वृद्धिका लागि अवलम्वन गर्नु पर्ने समयवद्ध उपायहरु (तत्कालिन, अल्पकालिन एवंम् दिर्घकालिन)

(छ) कारखानाको सुचारु संचालन र सुधारका लागि कारखानाको व्यवस्थापन, संचालक समिति र नेपाल सरकारले गर्नु पर्ने कार्यहरु र व्यहोर्नु पर्ने खर्चको लागत अनुमान ।

(ज) कार्यटोलीको ठोस राय सहितको सिफारिस ।

**अध्ययन कार्य टोलीले अपनाएको कार्यविधि**

अध्ययन कार्य टोलीले आफूलाई प्राप्त कार्यादेश बमोजिम मिति २०६८।४।२५बाट कार्य आरम्भ गरेको थियो । टोलीले मिति २०६८ श्रावण २५, २६, २७, २८ र २९ गते ५ (पाँच) कार्यदिन कारखानाको स्थलगत भ्रमण गरी त्यहाँको वास्तविक स्थितिको बारेमा अवलोकन, सम्बन्धित कागजातहरुको अध्ययन, कामदार कर्मचारी यूनियनका पदाधिकारीहरु र व्यवस्थापन पक्षका व्यवस्थापकहरुसँग छलफल र संवाद गरेको थियो । प्रतिवेदन तयार गर्नु अघि व्यवस्थापनबाट प्राप्त जवाफ, कर्मचारी तथा सरोकारवालाबाट प्राप्त सूचना र यस छानविन सँग सम्बन्धित सबुत प्रमाणको सुक्ष्म अध्ययन, विश्लेषण गर्नुका साथै उक्त कारखानाको क्षेत्रीय कार्यालयमा मिति २०६८।४।३० मा गई त्यहाँबाट आवश्यक सूचना संकलन र छलफल समेत गरेको थियो ।

**क्षेत्रीय कार्यालय, शाखा र उपशाखाहरु**

उद्योगको काठमाण्डौ, जनकपुर र बुटवलमा क्षेत्रीय कार्यालयहरु रहेको र नेपाल भरि ५५ ठाँउहरुमा शाखा उप–शाखा कार्यालयहरु र ५६ वटा डिलर/डिष्ट्रिव्युटरहरु रहेको पाईयो र उद्योगको नाममा १५ जिल्लामा घर/जग्गा रहेको पाईयो ।

**कामदार कर्मचारी**

यस उद्योगमा हाल प्रशासन तर्फ ५०७ जना र प्राविधिक तर्फ ३८६ जना कामदार तथा कर्मचारीहरु रहेको जानकारी प्राप्त भयो ।

## जनकपुर चुरोट कारखाना लि. को वस्तुस्थिति

१) जनकपुर चुरोट कारखाना लिमिटेडको दूरदृष्टि (Vision) "जनकपुर चुरोट कारखानालाई राष्ट्रिय स्तरको आयात प्रतिस्थापन उद्योगको रुपमा विकसित गराउने" रहेको छ । साथै, यसको दीर्घकालीन लक्ष्य (Mission) पनि स्पष्ट छ । तर **अहिलेको चिन्ता** Vision Achievement को होइन, **कारखाना संचालनमा ल्याउने, उत्पादन सुचारु गर्ने र असल, दक्ष अनुभवी उच्च व्यवस्थापक ल्याउने** सबैको चासो हो भन्ने कुरा कारखानाका Personnel & General Management Division, Marketing Division, Procurement Division, Fiscal Administration Division, Store Division, Internal Audit Division, Works Division र Tobacco Technology & Cigarette Research Division का **प्रमुख व्यवस्थापकहरु सँगको छलफल** तथा कारखानामा रहेका विभिन्न **आठ मजदुर संगठनहरुको संयुक्त मजदुर समन्वय समिति सँगको छलफलबाट** प्रष्ट हुन आयो ।

२) यस अध्ययन टोलीले मिति २०६८ श्रावण २५ देखि २९ गते ५ (पाँच) कार्यदिन जनकपुर चुरोट कारखाना लि., जनकपुरधामको स्थलगत भ्रमण गर्दा यस **उद्योग बन्द रहेको, उत्पादन शुन्य, कारखाना स्थल सुनसान, कामदार कर्मचारी यत्रतत्र अन्यौल स्थितिमा** बसेको पाइयो ।

३) यस अध्ययन टोलीले मिति **२०६८ श्रावण २५ देखि २९ गते ५ (पाँच) कार्यदिन कारखानाको स्थलगत भ्रमण गर्दा** कारखाना स्थलमा कारखानाका **महाप्रबन्धक अनुपस्थित रहेको**ले भेट हुन नसकेको र वहाँको अत्तोपत्तो नभएको । मिति २०६८ श्रावण ३० मा यसको काठमाण्डौ क्षेत्रिय कार्यालयमा निरिक्षण गर्न जाँदा वहाँलाई त्यहाँ पनि भेट हुन नसकेको र वहाँ श्रावण २२ गते देखि नै क्षेत्रिय कार्यालयमा उपस्थित नरहेको भन्ने जानकारी क्षेत्रिय कार्यालयबाट प्राप्त भएको । निज महाप्रबन्धकको **क्षेत्रिय कार्यालयमा हाजिर भएको रेकर्ड उपलब्ध हुन नसकेको** ।

४) मिति २०६८।४।१० मा ज. चु. का. केन्द्रिय कार्यालयमा उपस्थित हुन जाँदा **महाप्रवन्धकलाई कारखाना भित्र प्रवेश निषेध गरेको** । यसमा व्यवस्थापन पक्ष र संयुक्त मजदुर समन्वय समितिको मिति २०६८।४।१० मा संयुक्त रुपमा निर्णय गरी निजलाई प्रवेश गर्न नदिइएको देखिएको ।

५) नीज **महाप्रबन्धक कारखाना परिसरमा रहनाले झन् झन् कर्मचारीहरु आक्रोशित** हुँदै जाँदा अशान्ति उत्पन्न भईरहनाले निजलाई यो कारखानाबाट बाहिर लानुभई शान्ति कायम गर्नेको व्यवस्थाको लागि व्यवस्थापन पक्ष र संयुक्त मजदुर समन्वय समितिले मिति २०६८।४।११ को पत्र द्वारा **माननीय उद्योग मन्त्रीज्यूलाई अनुरोध गर्दै श्री प्रमुख जिल्ला अधिकारी, धनुषालाई बोधार्थ समेत दिएको** देखिन्छ ।

६) मिति २०६८।४।१० मा **महाप्रवन्धक जनकपुर चुरोट कारखाना लिमिटेडको केन्द्रिय कार्यालयमा उपस्थित हुन जाँदा** क्वाटरको विषयमा विवाद भई **हातपात समेत भएको** र सो विषयमा सुरक्षा प्रमुख प्रफुल्ल कुमार लाल ले मिति २०६८।४।१५ मा कारवाहिको लागि निवेदन दिएको बुझिएको । सो व्यहोरा मिति २०६८।४।२७ मा निवेदन मार्फत यस अध्ययन टोलीलाई जानकारी गराएको ।

७) यस कारखानाको निरिक्षणको क्रममा व्यवस्थापन र उत्पादन पक्षसँग बुझ्दा कारखाना २०६७ फागुण देखि बन्द रहेको भनिएता पनि आंशिक रुपमा चालू रही **२०६८ असार ६ गतेबाट पूर्ण रुपमा चुरोटको उत्पादन कार्य बन्द भएको** बुझिएको । सुर्ति नभएर कारखानाको Primary Processing बैशाखबाट पूर्ण रुपमा बन्द भएको र Making Unitबाट उत्पादित चुरोटका सिमित खिल्लीहरुलाई प्याकिङ्ग गर्दै जाँदा असारमा आएर यो पनि सकिई प्याकिङ्ग युनिट समेत बन्द भई कारखाना पूर्ण रुपमा बन्द भएको देखिन्छ ।

८) महाप्रबन्धक श्री श्याम कुमार महतोलाई नियुक्त गर्दा मिति २०६७।६।७ मा उद्योग मन्त्रालय, जनकपुर चुरोट कारखाना लिमिटेड र नव नियुक्त महाप्रबन्धक विचमा भएको त्रिपक्षिय करारनामामा उल्लेखित कार्यहरु भए गरेको नपाइएको र निज महाप्रबन्धकले उक्त करारनामा वमोजिमका कार्यहरु गर्नका लागि **कुनै कार्य योजना बनाएको पाइएन** र सो सन्दर्भमा सरोकारवालाले करारनामा वमोजिम कार्य भए नभएको सम्बन्धमा समेत **अनुगमन तथा मूल्याङ्कन (Performance Appraisal) गरेको पाइएन** ।

९) व्यवस्थापन पक्षका प्रतिनिधिहरु र संयुक्त मजदुर समन्वय समितिका प्रतिनिधिहरुको मिति २०६८।४।३ मा बसेको संयुक्त बैठकले काठमाण्डौं क्षेत्रिय कार्यालाय र शाखा उपशाखाका सबै नन् अपरेटिभ बैंक हिसाबमा रहेको सम्पूर्ण रकम मध्ये न्यूनतम मौज्दात बांकी राखी अन्य सवै रकम मिति २०६८।४।४ गते २.०० बजे भित्र केन्द्रिय कार्यालय जनकपुरको हिसाबमा पठाउने सो नभएमा क्षेत्रिय प्रबन्धक आठौं तहका मैंया देवी बज्राचार्यको सरुवा केन्द्रिय कार्यालय जनकपुरमा गर्ने गरी निर्णय गरेको आधारमा निजलाई केन्द्रिय कार्यालय जनकपुरमा काम गर्ने गरी कारखानाको विद्यमान कर्मचारी शर्त नियमावली २०६५ को परिच्छेद १ दफा २ (छ) वमोजिम **अधिकार प्राप्त अधिकारीको स्विकृति विना जनकपुरमा हाजिर हुन दिइएको आदेश उक्त नियमावलि विपरित गरियो** भनी निज क्षेत्रिय प्रबन्धक मैंया देवी बज्राचार्यले यस अध्ययन टोली समक्ष निवेदन गरेको ।

१०) २०६६।३।२५ गते नियम संशोधन गरी ३० वर्षे अवकाश योजना लागू गरेको कारणले २४० जना **नेतृत्वदायि भुमिकामा रहेका उच्च व्यवस्थापकहरु, दक्ष प्राविधिकहरु एवम् अन्य कर्मचारीहरु एकै पटकमा अवकाशमा परेको** र सो सन्दर्भमा व्यवस्थापन पक्ष सागको संझौता बमोजिम प्रति व्यक्ति रु ७१,०००। का दरले पाउने रकम हालसम्म पनि प्राप्त नभएकोले सो रकम दिलाइदिनका लागि यस अध्ययन टोली समक्ष २०६८।४।२७ मा अवकाश प्राप्त कामदार कर्मचारी संघर्ष समितिका संयोजक सुरेन्द्र राईले निवेदन गरेको ।

११) **विगत १० वर्ष देखि करारमा सेवारत** ३३ जना मजदुर कामदारहरुले निजहरुलाई काममा निरन्तर रुपले काम पाउन, निजहरुको ज्याला समय मै भुक्तानी हुन र लामो समयसम्म करारमा सेवा गरेको हुनाले **निजहरुलाई स्थायी गर्ने तर्फ कार्यवाहि गराई पाउन** यस अध्ययन टोली समक्ष निवेदन गरेको ।

१२) २०६७।१२।१ गतेको **व्यवस्थापन तथा मजदुरहरुको भेलाबाट महाप्रबन्धक श्री श्याम कुमार महतोलाई वहिस्कार गरेको** सन्दर्भमा महाप्रबन्धक विना कारखाना संचालन गर्न गराउन दिन प्रति दिन जटिलता बढिरहेको हुंदा सो सम्बन्धमा अविलम्ब निकाश व्यवस्थाका लागि मिति २०६७।१२।२३ को पत्रद्वारा उद्योग मन्त्रालयलाई अनुरोध गरेको ।

**निश्कर्ष :**

*कारखाना बन्द, उत्पादन बन्द, उच्च व्यवस्थापन पक्ष विच नै चरम द्वन्द र बेमेल, प्रमुख व्यवस्थापकको अत्तो पत्तो नभएको, व्यवस्थापन पक्षबाटै नियमलाई नमान्ने सांगठनिक संस्कृतिको विकास, मजदुर र व्यवस्थापन विच विथोलिएको सम्बन्ध, तलब पनि व्यवस्थापन गर्न नसक्ने र कारखानाको मजदुरको संतुष्टि र हितमा काम गर्न नसक्ने हालको उच्च व्यवस्थापनबाट[१] यो व्यवसायिक संस्था पुनः संचालन गर्न सक्ने अवस्था नरहेको निश्कर्ष यस अध्ययन टोलीको रहेको छ ।*

**नेतृत्व तहमा बसेका व्यवस्थापकहरुका व्यवहार सम्बन्धी कुराहरु**

१) यस अध्ययन टोलीले मिति २०६८ श्रावण २५ देखि २९ गते ५ (पाँच) कार्यदिन कारखानाको स्थलगत भ्रमण गर्दा **कारखानाका** Deputy General Manager (Administration) एवम् Personnel & General Management Division, Marketing Division, Procurement Division, Fiscal Administration Division, Store Division, Internal Audit Division, Works Division र Tobacco Technology & Cigarette Research Division का **प्रमुखहरु कारखाना संचालनमा नरहेकोले निष्क्रिय अवस्थामा रहेको** पाइयो ।

२) **२०६५ कार्तिक देखि हाल सम्मको अवधिमा ६ जनाले महाप्रबन्धकहरुको रुपमा (निमित्त समेत गरी) कार्य गरेको** देखिन्छ ।[२] यसरी संस्थाको नेतृत्व लिने प्रमुख व्यवस्थापक छिटो छिटो परिवर्तन हुँदा संस्थाको उद्येश्य, दुरदृष्टि, दीर्घकालीन लक्ष्य प्राप्त गर्न र रणनीति कार्यान्वयन गर्न वाधा भएको देखिँदा **सो अवधिमा उत्पादनमा क्रमशः ह्रास हुँदै गएको** तथ्यबाट र Vision, Mission प्राप्ति विषयमा केहि कार्य नभएको प्रष्ट देखिन्छ ।


३) मिति २०६७।६।४ मा **महाप्रबन्धकमा श्री श्याम कुमार महतो** नियुक्त भई मिति २०६७।६।५ गते बाट कारखानामा हाजिर भएको र नियुक्त भए देखि हालसम्म **११ महिनाको अवधिमा जम्मा २५ दिन मात्र कारखानामा रुजु हाजिर भएको** । कारखानाका महाप्रबन्धक र नायब महाप्रबन्धको कारखानामा क्रमशः ७.६७% र २५% उपस्थिति मात्र रहेको व्यहोरा निम्न चार्टबाट स्पष्ट हुन्छ ।

---

[१] उच्च व्यवस्थापन भन्नाले महाप्रबन्धक, नायब महाप्रबन्धक र दशौं तहका महाशाखा प्रमुखहरु जनाउँदछ ।

[२] श्री डा. भोला शाह, श्री अनुराग गिरी, श्री राम अशिष गुप्ता, श्री शिव राम यादव, श्री राम स्वार्थ यादव, श्री श्याम कुमार महतो ।

**कारखानामा उच्च व्यवस्थापकहरुको उपस्थितिको विवरण**
**(२०६८।४।२८ सम्म)**




*चित्र नं.१: कारखानामा उच्च व्यवस्थापकहरुको २०६८।४।२८ सम्मको उपस्थितिको विवरण*

४) मिति ०६६।६।७ मा उद्योग मन्त्रालय र महाप्रबन्धक विच भएको करार वमोजिम १% विक्रि प्रबर्द्धन भत्ता पाउने वारेमा मिति २०६७।९।२० को उद्योग मन्त्रालयको पत्रबाट "तोकिएको वार्षिक उत्पादन लक्ष भन्दा बढि परिमाणमा उत्पादन गरी विक्रि भई नाफा भएको रकमको १ (एक) प्रतिशत व्यवस्थापन कुशलता वापत प्रोत्साहनका रुपमा दिने भन्ने बुझाउँछ" भनी प्रष्ट गरेको देखिन्छ । उक्त करार वमोजिम लक्ष अनुसार उत्पादन समेत भएको नदेखिएकोले **महाप्रबन्धकले विक्रि प्रवर्द्धन वापत १ (एक) प्रतिशतको रुपमा लिएको रकम करिव रु ५,४५,०००। (पाँच लाख पैंतालीस हजार) नियम संगत देखिएन** ।

५) कारखानाले Mittapoli Agro Products Pvt. Ltd. Guntur, India बाट invoice no. MAP/16/10-11 date 2010.10.4 मार्फत **आयात गरेको भा. रु. १८,७१,३७०। वरावरको** १६ मे. टन **FCV 3R/L KTK ग्रेडको सुर्तिलाई** उद्योगले विगतमा प्रयोग गर्ने गरेको **FCV 3R/L नै हो भनी** मिति २०६७।६।२६ मा **महाप्रबन्धकले** क्रय महाशाखालाई पत्र लेखी उक्त सुर्ति **जबरजस्ति स्विकार गर्न लगाएको** देखिन्छ । यस विषयमा यस अध्ययन टोलीलाई बेनामी उजुरी समेत प्राप्त हुन आएको छ ।

६) जनकपुर चुरोट कारखाना लिमिटेडका अवकाश प्राप्त कर्मचारी तथा **कारखाना व्यवस्थापन कार्यको भुक्तानी सम्बन्धमा छानविन भइरहेको** अवस्थालाई ध्यानमा राख्दै नेपाल सरकार (मा. मन्त्रिस्तर) को मिति २०६७।५।२३ को निर्णयानुसार अर्को आदेश नभएसम्म त्यस कारखानाका **निमित्त महाप्रन्धक श्री राम स्वार्थ यादवलाई** यस मन्त्रालयमा हाजिर हुन पठाइदिनुहुन भनी उद्योग मन्त्रालयले मिति २०६७।५।२४ को

पत्रबाट जनकपुर चुरोट कारखाना लिमिटेडलाई अनुरोध गरेको र सोहि वमोजिम **मिति २०६७।५।२९ बाट निज उद्योग मन्त्रालयमा हाजिर भएको** देखिन्छ ।

७) जनकपुर चुरोट कारखाना लि. को नाममा **श्री किस्ट वैक लि. शाखा कार्यालय जोरपाटीमा** (क) महाप्रबन्धक श्री श्याम कुमार महतो र क्षेत्रिय प्रबन्धक सुश्री मैंया बज्राचार्य मध्ये एक जना र (ख) लेखा प्रमुख श्री उत्तम कुमार कर्माचार्य र लेखा उप प्रमुख श्री बालकृष्ण ध्वज श्रेष्ठ मध्ये एकको संयुक्त हस्ताक्षरबाट संचालन हुने गरी मिति २०६७।११।९ मा **कारखानाको नाममा चल्ती खाता "नं ०२९००००४६० सी" खाता खोली विगतमा अन्य वाणिज्य वैंकमा भएको Non-Operative खातामा जम्मा हुने गरेको रकम उक्त खातामा जम्मा गर्न** २०६७/११/११ को पत्रद्धारा क्षेत्रीय कार्यालयहरुमा **महाप्रवन्धक आफैले निर्देशन दिएको ।** कारखानाले हालसम्म नेपाल बैंक लि. तथा राष्ट्रिय वाणिज्य बैंकमा खोलिएको Non-Operative खाताबाट कार्य गर्दै आएकोमा हाल आएर नयाँ Non-Operative खाता किन आवश्यक हुन गयो स्पष्ट हुन सकेन । **प्रस्तुत खाता खोल्न संचालक समितिको निर्णय भएको देखिएन** ।[३] उक्त खातामा मिति १६ जुलाई २०११ सम्ममा रु ३२७,६२३।५२ जम्मा भई रु ३१६,४९८।६३ वाकि रहेको पाइयो ।

८) कारखानामा जडित मेशिनहरु धेरै पुराना भएको र सो **मेशिनहरु मर्मत संभारका लागि** कम्पनीको बानेश्वरको घर जग्गा विक्रिबाट प्राप्त भएको रकम मध्येबाट छुट्टयाइएको **रु ३ करोड तोकिएको शिर्षकमा खर्च नगरी करिव रु १२ लाख मात्र खर्च गरेको** देखिन आयो । सम्बन्धित मर्मत शिर्षकमा खर्च गर्नु पर्ने रकम अन्य शिर्षकमा खर्च गरेको कारण समेतले मेशिनरीबाट क्षमता अनुरुप उत्पादन हुन सकेको देखिएन । ती मेशिनहरु क्षमता अनुसार संचालनका लागि पुनः मर्मत संभारमा थप लगानी गर्नु पर्ने देखिन्छ ।

**निश्कर्ष :**
*व्यवस्थापनमा चरम अस्थिरता, व्यवस्थापकहरुमा चुलिएको आर्थिक अनुशासन हिनता, Ethics मा काम गर्नु पर्ने नेतृत्व वर्गबाट नै नियम उल्लंघन गर्ने परिपाटिको विकास, मन्त्रालय, संचालक समितिबाट निर्दिष्ट गरिएका खर्च व्यवस्थापनका कुराहरुमा समेत हेलचक्र्याईं, स्वच्छन्दता देखाउने र अटेरी व्यवस्थापनबाट कारखानाको हित हुन नसक्ने ।*

**रणनीतिक कुराहरु**


१) **कम्पनीले २०६६ साल आषाढ महिनामा नियम संशोधन गरी ल्याएको अनिवार्य अवकाशको** योजना अनुरुप कारखानाबाट **२४० जना कर्मचारीहरुले अवकाश प्राप्त गरेका** देखिन्छ । जुन अवकाश योजनामा उपल्लो तह (नवौं र दशौं तह) का **१० जना महाशाखा प्रमुख र उप प्रमुखहरुको समेत स्थान रिक्त भएको** देखिन्छ । ती तहहरु हालसम्म पनि रिक्त रहेको र सातौं र आठौं तहका कर्मचारीहरुबाट कार्य सम्पादन भइरहेको देखिएको, प्रायः जसो दक्ष, लामो अनुभव संगालेका नेतृत्वदायी भूमिकामा रहेका विज्ञ व्यवस्थापकहरु सो अवकाश योजना अन्तर्गत परेको देखिएको, सो विषयमा

[३] उक्त खाता खोलिएको कारणको सम्बन्धमा क्षेत्रिय कार्यालय काठमाण्डौंका क्षेत्रिय प्रबन्धक सुश्री मैंया देवी श्रेष्ठ सँग छलफल हुँदा महाप्रबन्धक श्री श्याम कुमार महतोको आदेशबाट उक्त खाता खोलिएको भन्ने जानकारी प्राप्त भएको र प्रस्तुत सम्बन्धमा छलफल गर्न महाप्रबन्धक श्री श्याम कुमार महतो उपलब्ध हुनु भएन ।

**तत्कालीन व्यवस्थापन पक्षबाट सकारात्मक र नकारात्मक पक्षको आंकलन नै नगरी Succession Planning को पूर्व योजना विना नै अनिवार्य अवकाश ल्याएको देखियो** र यसले गर्दा नेतृत्वदायी व्यवस्थापकहरुको ठूलो जमात अवकाशमा परेको हुनाले उक्त **कारखाना अस्थिरता तर्फ धकेलिएको** देखिएको ।

२) **संचालक समितिको मिति २०६६।५।१८ को बैठकले** लिक्विडेशनको क्रममा रहेको **बुटवल धागो कारखाना लि.का ११ औं तहका राम स्वार्थ यादवलाई अन्तर संस्थान सरुवा गरी यस उद्योगमा नायब महाप्रबन्धक नियुक्त गर्ने निर्णय भए** अनुसार निज मिति २०६६।६।४ देखि उक्त कारखानामा हाजिर भएको देखिन्छ ।[४]

३) कम्पनीले **२०६६ सालमा नियम संशोधन गरी ल्याएको अनिवार्य अवकाशको योजना अनुरुप** कारखानाबाट अवकाश प्राप्त गरेका **२४० जना कामदार कर्मचारी मध्ये १६९ जना दक्ष, लामो अनुभव संगालेका र विभिन्न मेशिनरीमा प्रत्यक्ष रुपमा संलग्न भई कार्यरत रहेका प्राविधिक जनशक्ति भएको** देखिन्छ । यसरी **कारखाना संचालन गर्ने प्राविधिक जनशक्तिको ठूलो जमात एकै पटक कार्य स्थलबाट अलग हुँदा मेशिनरीको मर्मत संभार, संचालन गर्ने उत्पादनकार्यमा समेत प्रत्यक्ष असर परेको** देखियो । यसरी उत्पादनमा भएको ह्रासको चित्रण निम्न चार्टबाट प्रष्ट हुने देखिन्छ ।





*चित्र नं. २ : कारखानाको गत आठ वर्षको उत्पादनको अवस्था*

**आर्थिक वर्ष २०६०।६१ मा उत्पादन लक्ष** २ अर्ब ३६ करोड**को करिव ९१ प्रतिशत** अर्थात २ अर्ब १३ करोड ३८ लाख ४० चालीस हजार खिल्ली **चुरोट उत्पादन भएकोमा** २०६६ असारमा कम्पनीले दिएको **अनिवार्य अवकाश पछि** आर्थिक वर्ष २०६६।६७ देखि **कारखानाको उत्पादन अझ उल्लेखनिय रुपमा घट्न गई** आर्थिक वर्ष **२०६७।६८ मा लक्षको करिव १० प्रतिशत** अर्थात २३ करोड ३९ लाख १० हजार मात्र **उत्पादन भएको** देखिन्छ ।

[४] Tobacco Technology, Machinery, Marketing, Boiler आदि परिचित नभएको व्यवस्थापक सरुवा गरेर ल्याएको भन्ने गुनासो अवकाश प्राप्त नेतृत्व तहका पूर्व व्यवस्थापकहरुको रहेको ।

४) **<u>कारखानाका उत्पादनहरुको</u>** विद्यमान बजारमा कूल **<u>बजारको करिव १.२% मात्र हिस्सा रहेको</u>** भन्ने बजार महाशाखाका प्रमुख श्री शत्रुघन सिजापतिबाट जानकारी प्राप्त भएको । यसको चार्ट निम्नुसार प्रस्तुत गरिएको छ । नेपालमा चुरोटको कूल बजार करिव रु २० अर्ब ९७ करोड रहेको गत आर्थिक वर्षको एक अध्ययनमा उल्लेख भएको समेत जानकारी प्राप्त हुन आएको ।




*चित्र नं. ३ : गत आर्थिक वर्षमा विभिन्न चुरोट कम्पनीहरुले ओगटेको बजार हिस्सा*

५) कारखानाबाट निरन्तर उत्पादन नभएको कारणले कारखानाबाट उत्पादित चुरोट बजारमा निरन्तर रुपमा आपूर्ति गर्न नसकिएको र यस कारणले जनकपुर चुरोट कारखाना लिमिटेडको वजारमा विश्वसनियता घट्न गई वजार विथोलिएको भन्ने कुरा कारखानाका वजार व्यवस्थापन महाशाखाका प्रमुख श्री शत्रुघन सिजापतिबाट यस टोलीलाई जानकारी प्राप्त भएको । साथै, निरन्तर रुपमा राम्रो गुणस्तरको चुरोट उत्पादन भई वजारमा निरन्तर आपूर्ति हुन सकेको अवस्थामा कारखानाका उत्पादनहरु याक, गैंडा, देउराली, उपहार आदिको Loyal Customer base भएको र Brand Image सकारात्मक भएको हुनाले **<u>करिव ७/८ महिना भित्र बजार आफ्नो पक्षमा ल्याउन सक्ने</u>** विश्वास प्रकट गरेको ।

६) कारखानाबाट **<u>निरन्तर उत्पादन नभएको कारणले</u>** बजारको माग अनुसार कारखानाबाट उत्पादित चुरोटको आपूर्ति गर्न नसकिएको कारणले कतिपय **<u>डिलरहरुले शुरुमा कारखानामा डिलर धरौटी बापत राखेको रकम फिर्ता पाउन माग भएको</u>** व्यहोरा क्षेत्रिय कार्यालय काठमाण्डौंबाट जानकारी प्राप्त भएको । साथै, यसरी धरौटी वापत रहेको **<u>रकम क्षेत्रिय कार्यालय काठमाण्डौंबाट केन्द्रिय कार्यालय जनकपुरमा पठाउन व्यवस्थापन पक्षबाट पटक पटक ताकेता गरेको</u>** भएता पनि रकम नपठाइएको बुझियो । डिलर धरौटी बापत २७ वटा डिलरहरुको जम्मा रु. १,०५,४८,५००। क्षेत्रिय कार्यालय काठमाण्डौमा जम्मा भएको देखिन्छ ।

७) कारखानामा जडान भएका **मेशिनरीहरु England, India, Germany, Czeck, Austria, Russia, Brazil, Switzerland, Chinaaf6 आयात भई जडान भएका** र ती मेशिनहरु तत्कालका लागि **सामान्य मर्मत संभार पछि पूर्ण रुपमा संचालन हुन सक्ने** अवस्थामा रहेको देखियो ।

८) हाल नेतृत्वदायी भूमिकामा रहेको **व्यवस्थापकहरु पनि प्रायः सबै जना ५६ वर्ष भन्दा माथि उमेरका** रहेको देखिन्छ र **आगामी २ वर्षमा नीजहरुले पनि अवकाश प्राप्त गर्ने हुँदा त्यस वखत कारखानामा दक्ष र अनुभवी व्यवस्थापकहरु/प्राविधकहरुको अझ अभाव हुने** देखिन्छ । निकट भविष्यमा अवकाश पाउनेहरुको विवरण निम्न तालिकामा दिइएकोछ । यस अनुसार यस वर्ष भित्र थप ४९ जना प्राविधिकहरुले अनिवार्य अवकाश पाउने र यसले गर्दा उत्पादन कार्यलाई प्रत्यक्ष रुपमा अझ असर पार्ने देखिन्छ ।

**तालिका नं. १ : निकट भविष्यमा अवकाश पाउनेहरुको विवरण**

| जम्मा | प्राविधिक | अप्राविधिक | जम्मा |
|---|---|---|---|
| २०६८/१/१ देखि १२/३१ | ४९ | ३० | ७९ |
| २०६९/१/१ देखि १२/३१ | १८ | ४१ | ५९ |
| २०७०/१/१ देखि १२/३१ | ४२ | ६३ | १०५ |
| २०७१/१/१ देखि १२/३१ | ५ | ६ | ११ |

**निश्कर्ष :**

*घट्दो उत्पादनको श्रृंखला र अन्त्यमा उत्पादन बन्द, बजार गुम्ने स्थितिमा पुग्नु, फलदायी योगदान पुऱ्याएका पुराना व्यवस्थापकहरुको अवकाश, मेशिनमा काम गर्ने उत्पादन पक्षका प्राविधिकहरुको अवकाश, कारखानाको बुढ्यौलीपन, कारखानाको हितको लागि आर्थिक श्रोतको प्रयोग गर्न सक्ने खुबि नराख्ने व्यवस्थापन, वित्तिय अनुशासन पालना नगर्ने व्यवस्थापकहरुबाट कारखाना धरापमा परेको ।*

**मानविय संशाधनका कुराहरु**

१) नेपाल सरकार, कारखाना र महाप्रबन्धक विच मिति २०६७।६।७ मा भएको त्रिपक्षिय **करारनामामा उल्लेख भए वमोजिम** मानव संशाधन योजना तथा व्यवस्थापन सुधार अन्तरगत **कर्मचारी तालीममा निज महाप्रवन्धकले आफ्नो दायित्व पूरा गरेको देखिएन** ।


**निश्कर्ष :**

*मानव श्रोत साधनलाई परिचालन गर्ने उच्च व्यवस्थापकहरुको सोच र कार्यक्रमको अभाव रहेकोले व्यवस्थापकहरुले भविष्यमा यस तर्फ सचेत रही मानव संशाधन तथा श्रोत परिचालन सम्बन्धी ठोस कार्य योजना बनाई लागू गर्नु पर्ने यस अध्ययन टोलीको निश्कर्ष रहेको छ ।*

**कारखानाको उत्पादन, खरिद, विक्रि सम्बन्धि तथ्याङ्कहरुका कुराहरु**

१) कारखानाबाट प्राप्त उत्पादनहरु सम्बन्धी तथ्याङ्कमा **जर्ति (waste) को सिधा हिसाव गर्ने गरिएको पाइएन** ।

२) कारखानामा खपत भएको सुर्तिको परिमाण तथा उत्पादन विवरणको आधारमा **Yield को गणना गर्ने गरेका देखियो** । उद्योगबाट प्राप्त सुर्ति खपत र उत्पादन विवरणको आधारमा गरिएको Yield को गणनाको चार्ट निम्नानुसारको छ ।





*चित्र नं. ४ : विभिन्न आर्थिक वर्षमा कारखानाको औसत Yield को स्थिति*

आर्थिक वर्ष २०६४।६५ मा **प्रति के. जि. सुर्तिबाट औसतमा ९४३ खिल्ली चुरोट उत्पादन** हुने गरेको मा आर्थिक वर्ष २०६६।६७ मा यो **घटेर प्रति के. जि. सुर्तिबाट औसतमा ६७९ खिल्ली चुरोट मात्र उत्पादन** भएको देखिन्छ ।


३) भारतीय सुर्ति खरिद गर्ने प्रयोजनका लागि मिति २०६५।६।५ मा बसेको संचालक समिति बैठकले न्यूनतम दर भा.रु. ९४।३८ प्रति के. जि. र अधिकतम दर भा.रु. २१२।०४ प्रति के. जि. स्विकृत गरेको देखिन्छ भने पुनः मिति २०६५।११।२ मा बसेको संचालक समिति बैठकले न्यूनतम दर भा.रु. १५६।२४ प्रति के. जि. र अधिकतम दर भा.रु. १९५।१२ प्रति के. जि. स्विकृत गरेको देखिन्छ । त्यसै गरी मिति २०६७।२।२१ मा बसेको संचालक समिति बैठकले न्यूनतम दर भा.रु. १३१।३६ प्रति के. जि. र अधिकतम दर भा.रु. २२३।९२ प्रति के. जि. स्विकृत गरेको देखिन्छ । कारखानाले विगतमा सुर्ति खरिद गर्न खर्चेको रकमको विवरण निम्न चार्टमा देखाइएको छ ।[५]

[५] कारखानाले सुर्ति खरिद गर्दा बोलपत्र प्रक्रियाको औपचारिकता पुऱ्याइएको भएता पनि सार्वजनिक खरिद ऐन २०६३ तथा कारखानाको खरिद तथा आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६५ को मर्म अनुरुप खरिद प्रक्रिया भएको पाइएन ।




*चित्र नं. ५ : विभिन्न आर्थिक वर्षमा भएको सुर्ति खरिदको खर्च विवरण*

४) कारखानाले विगतमा विक्रि गरेको चुरोटको विवरण निम्न चार्टमा देखाइएको छ ।




*चित्र नं. ६ : विभिन्न आर्थिक वर्षहरुमा कारखानाबाट उत्पादित चुरोट विक्रिको अवस्था*

**निश्कर्ष :**

*कारखानाको सबै Performance सम्बन्धि सुचकांकहरु ओरालो लागेको संकेत तथ्याङ्कले देखाउँदा देखाउँदै व्यवस्थापनले खर्च व्यवस्थापन गर्दा यस कुरालाई मध्य नजर राखी कारखाना चलाउने, उत्पादन गर्ने, विक्रि गर्ने सोच राख्न सकेको देखिएन । उद्योगको उत्पादन र उत्पादकत्व बृद्धि गर्नका लागि नायब महाप्रबन्धक (अपरेशन) तथा दशौं तहका वर्क्स डिभिजनका महाशाखा प्रमुखको रिक्त रहेको पदहरु तुरुन्त पूर्ति गर्नु पर्ने ।*

**कारखाना तत्काल संचालनमा ल्याउन प्राथमिकताका साथ गर्नु पर्ने कार्यहरुको सम्बन्धमा**[६]

१) महाप्रबन्धक श्री श्याम कुमार महतो र कारखानाका कामदार कर्मचारी तथा व्यवस्थापकहरु विच समन्वयको अभावमा सुमधुर सम्बन्ध कायम नरहेको कारणले महाप्रबन्धकलाई कारखाना स्थलमा प्रवेश निषेध गरेको सन्दर्भमा समेत निज सोहि स्थानमा गई सुचारु रुपले कारखाना संचालन गर्न गराउन सक्ने अवस्था विद्यमान रहेको नदेखिंदा सो सम्बन्धमा वैकल्पिक व्यवस्था गर्नुपर्ने ।

२) कारखाना तत्काल संचालन गर्नका लागि पूँजी व्यवस्थापन अन्तरगत विभिन्न शिर्षकमा रु. २६ करोड ५० लाख आवश्यक पर्ने भनी कम्पनीको व्यवस्थापन पक्षबाट यस टोलीलाई जानकारी गराएको हुँदा सो वमोजिमको रकम उपलब्ध गराई सोको खर्च वारेमा मन्त्रालयले अनुगमन गर्नुपर्ने ।

३) उपरोक्त वमोजिमको रकम खर्च गर्ने प्रयोजनमा लागि अलग्गै बैंक खाता संचालन गरी उक्त रकमको खर्च व्यवस्थापन संचालक समितिले निर्णय गरी बनाएको कार्य तालीका बमोजिम मात्र खर्च गर्ने गराउने । विगतमा संचालक समितिले बनाएको कार्य तालिका विपरित खर्च गर्ने कार्य गरेको देखिएकोले यस्तो कार्य रोक्नका लागि थप संयन्त्रको आवश्यकता भएको महसुस भएको हुनाले नेपाल सरकारले भविष्यमा उपलब्ध गराउने रकम खर्च गर्नका लागि कारखानाका नेतृत्व तहका कम्तिमा चार जना महाशाखा प्रमुख रहेको खर्च समिति बनाई सो समितिको शिफारिसमा मात्र खर्च गर्ने व्यवस्था मिलाउने । सो खर्चको अनुगमन स्थानीय स्तरमा नेपाल गुणस्तर तथा नापतौल कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय, कोष तथा लेखा नियन्त्रकको कार्यालय सम्मिलित समिति मार्फत उद्योग मन्त्रालयले गर्नुपर्ने ।

४) कारखाना तत्काल संचालनका लागि विगतमा लामो अनुभव संगालेका, नेतृत्व तहमा वसीसकेका सेवा निवृत्त व्यवस्थापकहरु मध्येबाट आवश्यकता अनुसार करारमा लिने ।

[६] अध्ययन कार्य टोलीको कार्य विवरणको बुँदा (क) संग सम्बन्धित ।

**रु. ७२ करोड २० लाख ७४ हजारको सम्बन्धमा**[७]

१) जनकपुर चुरोट कारखाना लि. को काठमाण्डौंको का. म. पा. वडा १० स्थित घर जग्गा नागरिक लगानी कोषलाई विक्रि गरे वापत प्राप्त हुने रकम रु. ७२,२०,७४,०००। निम्नानुसारको तालीकामा उल्लेख भए अनुसारका शिर्षकहरुमा खर्च गर्ने भनी **संचालक समितिको मिति २०६७३।३ को बैठकबाट निर्णय भएको** देखिन्छ ।

**तालिका नं. २ : रु. ७२ करोड २० लाख ७४ हजारको खर्च गर्न स्विकृत विवरण**

| सि. नं. | खर्चहरुको शिर्षक | खर्च गर्न स्विकृत रकम रु. |
|---|---|---|
| १. | अवकाश प्राप्त कर्मचारीहरुको भुक्तानी गर्न | १६,३९,१०,०००। |
| २. | राष्ट्रिय विमा संस्थानलाई प्रिमियम भुक्तानी गर्न | १७,५५,७१,०००। |
| ३. | संचयकोष | ५,६७,७१,०००। |
| ४. | एभरेष्ट बैकको (कर्मचारी ऋणको किस्ता) | १,७६,००,०००। |
| ५. | राजश्व | ११,००,००,०००। |
| | (क) भ्याट (२०६७ वैसाख सम्म) | ६,३०,८०,०००। |
| | (ख) भंसार | २,६४,८८,०००। |
| | (ग) घर जग्गा कर | १,९०,३२,०००। |
| | (घ) कर्मचारी आयकर | १४,००,०००। |
| ६. | मेशीनरी व्यवस्थापन | ३,००,००,०००। |
| | (क) मोलेन्स मेशिन संभार | २,००,०००। |
| | (ख) मोलेन्स मेशिनबाट किंग साइज चुरोट उत्पादन गर्न थप फिल्टर एटेचमेन्ट जडान गर्न | १,५०,००,०००। |
| | (ग) कटिङ्ग मेशिन मर्मत संभार | ७५,००,०००। |
| | (घ) मेकिङ्ग, प्याकिङ्ग तथा अन्य मेशिनरी मर्मत संभार | ७३,००,०००। |
| ७. | कच्चा पदार्थ तथा अन्य सहायक कच्चा पदार्थको लागि | ७,८२,२२,०००। |
| ८. | आकस्मिक कोषको लागि | १,००,००,०००। |
| ९. | जग्गा खरिदको लागि | २,००,००,०००। |
| १०. | नेपाल सरकार अर्थ मन्त्रालयलाई ऋण भुक्तानी | ६,००,००,०००। |
| | जम्मा | ७२,२०,७४,०००। |

२) उपरोक्त अनुसार विक्रि भएको घर जग्गाबाट मिति २०६७३।२० देखि २०६७८।१९ सम्म काठमाण्डौ क्षेत्रिय कार्यालयको खाता नं. ७ मा रु ५३,७०,००,०००। जम्मा भएको र सो रकम मध्ये मिति २०६७३।२५ देखि २०६७९।२८ सम्ममा केन्द्रिय कार्यालयको खातामा रु ५३,५०,००,०००। ट्रान्सफर भएको भनी क्षेत्रिय प्रवन्धक मैंया बज्राचार्यले मिति २०६७१०।२३ मा जनकपुर चुरोट कारखाना लिमिटेड जनकपुरधामलाई लेखेको पत्रबाट अवगत हुन आउँछ ।

३) मिति २०६७३।३ को संचालक समितिको बैठकले सो रकम खर्च गर्ने सम्बन्धमा निर्णय गरेका **शिर्षकहरु मध्ये केहि शिर्षकमा तोकिएको भन्दा बढि रकम खर्च भएको, केहि शिर्षकमा स्विकृत शिर्षकमा तोकिएको खर्च भन्दा कम खर्च भएको, केहि स्विकृत**

[७] अध्ययन कार्य टोलीको कार्य विवरणको बुँदा (ख) संग सम्बन्धित ।

**शिर्षकमा कुनै रकम खर्च नभएको र केहि शिर्षकहरु स्विकृत शिर्षक भन्दा वाहिर खर्च भएको** देखिन्छ । सो सम्बन्धमा कारखानाबाट प्राप्त भएका कागजात र जानकारीको आधारमा तयार गरिएको **विस्तृत विवरण अनुसूची १ मा** समावेश गरिएको छ ।

४) उद्योग मन्त्रालयको मिति २०६७।४।४ को पत्र अनुसार "**तोकिएको प्राथमिकताको आधारमा छुट्टयाइएको रकम कार्यक्रममा खर्च गर्दा त्यस कारखाना लिमिटेडको संचालक समितिको निर्णय र मन्त्रालयको सहमति अनिवार्य रुपमा प्राप्त गर्न र सो वेगर कुनै पनि रकम खर्च नगर्न**, नगराउनु हुन मिति २०६७।४।४ को आदेशानुसार" अनुरोध गरेको देखिन्छ ।

५) जग्गा विक्रि बाट आउने रु ७२,२०,७४,०००। मध्ये १७ करोड अर्थ मन्त्रालयलाई भुक्तानी भई सकेको, २० करोड बैना वापत प्राप्त रकम मध्ये करिब १५ करोड बीमा संस्थानलाई भुक्तानी भई सकेकोमा बाँकि रहन गएको रकम मध्ये निम्न अनुसार नभई नहुने देखिएकोले उपरोक्त वमोजिम **प्राथमिकतामा राखि मात्र खर्च गर्न र बाँकि रकम संचालक समितिको निर्णय र निर्देशन विना खर्च गर्न नपाइने गरी संचालक समितिले मिति २०६७।४।१४ मा निर्णय गरेको** देखिन्छ ।

**तालिका नं. ३ : संचालक समितिले खर्चको प्राथमिकता तोकेको विवरण**

| सि.नं. | विवरण | रकम रु. |
|---|---|---|
| १ | अवकाश प्राप्त कर्मचारीहरुको लागि | १६,००,००,०००। |
| २ | भारतीय सूर्ति सप्लायरहरु मिट्टापलि औधि नारायण, वोमिडाला इन्टरप्राइजेज र एग्रो प्रोडक्ट समेतलाई भुक्तानी गर्न | ७,५०,००,०००। |
| ३ | स्थानीय नेपाली सूर्ति खरिद वापत रकम भुक्तानी गर्न | २१,००,०००। |
| ४ | सहायक कच्चा पदार्थको लागि | ५०,००,०००। |
| ५ | तत्काल सूर्ति खरिद गर्दा एल. सि. वापत | १,५०,००,०००। |
| ६ | आकस्मिक कोषको लागि | १,००,००,०००। |
| ७ | मेशिन मर्मतको लागि | २९,००,०००। |
| | जम्मा रकम रु. | २७,००,००,०००। |

तर जनकपुर चुरोट कारखाना लिमिटेडबाट यस अध्ययन टोलीलाई उपलब्ध गराइएको कागजात अनुसार उपरोक्त बमोजिम पनि रकम खर्च गरिएको देखिएन र जसको वास्तविक खर्चको विवरण निम्नानुसारको रहेको देखिन्छ ।

**तालिका नं. ४ : रु. ७२,२०,७४,००० को स्विकृत र वास्तविक खर्चको तुलनात्मक विवरण**[८]

| सि. नं. | खर्चहरुको शिर्षक | खर्च गर्न स्विकृत रकम रु. | वास्तविक खर्च रकम रु |
|---|---|---|---|
| १. | अवकाश प्राप्त कर्मचारीहरुको भुक्तानी गर्न | १६,३९,१०,०००। | १४,६३,५२,०००। |

[८] प्रस्तुत तालीका नं. ४ मा दिइएको वास्तविक खर्च क-कस्को आदेशमा भएको भन्ने विषयमा थप छानविन गर्नु पर्ने ।

| सि. नं. | खर्चहरुको शिर्षक | खर्च गर्न स्विकृत रकम रु. | वास्तविक खर्च रकम रु |
|---|---|---|---|
| २. | राष्ट्रिय विमा संस्थानलाई प्रिमियम भुक्तानी गर्न | १७,५५,७१,०००। | १६,२७,९२,०००। |
| ३. | संचयकोष | ५,६७,७१,०००। | १,००,००,०००। |
| ४. | एभरेष्ट बैकको (कर्मचारी ऋणको किस्ता) | १,७६,००,०००। | २,३६,६७,०००। |
| ५. | राजश्व | ११,००,००,०००। | ११,३०,२०,०००। |
| | (क) भ्याट (२०६७ वैसाख सम्म) | ६,३०,८०,०००। | ७,००,००,०००। |
| | (ख) भंसार | २,६४,८८,०००। | २,५५,५२,०००। |
| | (ग) घर जग्गा कर | १,९०,३२,०००। | १,६६,४४,०००। |
| | (घ) कर्मचारी आयकर | १४,००,०००। | ८,२४,०००। |
| ६. | मेशीनरी व्यवस्थापन | ३,००,००,०००। | १२,८३,०००। |
| | (क) मोलेन्स मेशिन संभार | २,००,०००। | - |
| | (ख) मोलेन्स मेशिनबाट किंग साइज चुरोट उत्पादन गर्न थप फिल्टर एटेचमेन्ट जडान गर्न | १,५०,००,०००। | - |
| | (ग) कटिङ्ग मेशिन मर्मत संभार | ७५,००,०००। | - |
| | (घ) मेकिङ्ग, प्याकिङ्ग तथा अन्य मेशिनरी मर्मत संभार | ७३,००,०००। | १२,८३,०००। |
| ७. | कच्चा पदार्थ तथा अन्य सहायक कच्चा पदार्थको लागि | ७,८२,२२,०००। | ८,९१,४४,०००। |
| ८. | आकस्मिक कोषको लागि | १,००,००,०००। | - |
| ९. | जग्गा खरिदको लागि | २,००,००,०००। | - |
| १०. | नेपाल सरकार अर्थ मन्त्रालयलाई ऋण भुक्तानी | ६,००,००,०००। | ७,४४,४८,०००। |
| ११. | नें. बै. लि. ले कारखानालाई हाइपो कर्जा लिमिट ३१ करोड उपलब्ध गराईरहेकोमा बैंक मौज्दातबाट ४ करोड कट्टा गरी २७ करोड भएको | - | ४,००,००,०००। |
| १२. | भंसार २०६७ असोज देखि २०६७ पौष सम्म | - | १,१७,८३,०००। |
| १३. | हाइपो कर्जा वापत व्याज | - | १,७६,४०,०००। |
| १४. | कर्मचारी भुक्तानी तलब भत्तामा | - | २,९४,९३,०००। |
| | **जम्मा** | **७२,२०,७४,०००।** | **७१,९६,२२,०००।** |

६) **<u>उपरोक्त खर्च विवरणहरु लेखा परिक्षण भैनसकेको</u>** र बाँकि रकम रु. २० लाख राष्ट्रिय वाणिज्य बैंक काठमाण्डौंको जनकपुर चुरोट कारखानाको खातामा रहेको र रु. ४,५२,०००। नागरिक लगानी कोष सँग रहेको कुरा कारखानाको आर्थिक प्रशासन शाखाबाट प्राप्त विवरणमा उल्लेख भएकोछ ।

७) सुर्ति, सहायक कच्चा पदार्थ तथा अन्य कारोवारको क्रममा विभिन्न विक्रेता ( आपूतीकर्ता) हरुलाई बाँकि रहेको **<u>रकम भुक्तानी प्रचलित कानून, ऐन अनुसार कार्यान्वयन गर्ने सम्बन्धमा निम्नानुसारको समिति गठन भएको</u>** व्यहोरा उद्योग मन्त्रालयको मिति २०६७।३।२९ द्वारा जानकारी भएको ।

| | |
|---|---|
| श्री गुणस्तर तथा नापतौल कार्यालय, धनुषा, कार्यालय प्रमुख | - संयोजक |
| श्री कोष तथा लेखा नियन्त्रकको कार्यालय, धनुषा | - प्रतिनिधि |
| श्री घरेलु तथा साना उद्योग कार्यालय, धनुषा | - प्रतिनिधि |
| श्री जनकपुर चुरोट कारखाना, प्रशासन महाशाखा प्रमुख | - सदस्य सचिव |

विभिन्न मितिमा **सुर्ति खरिद सम्बन्धमा भएको अनियमितता बारेमा** उक्त समितिले औंल्याएका विषयहरुमा **आवश्यक कारवाहि हुन संचालक समितिमा पठाउने गरी उक्त समितिले निर्णय गरेको** भएता पनि यस वारेमा संचालक समितिले कुनै कारवाहि गरे नगरेको सम्बन्धमा जनकपुर चुरोट कारखाना लिमिटेड बाट यस अध्ययन टोलीलाई आवश्यक निर्णय प्राप्त हुन सकेन । सोहि सन्दर्भमा कारखाना निरिक्षणको क्रममा यस टोलीलाई उद्योगका कर्मचारीको तर्फबाट प्राप्त बेनामी निवेदनमा उल्लेख भए अनुसार कम्पनीको नायव महाप्रबन्धक श्री राम स्वार्थ यादवको कार्यकालमा करिब ४० करोड रुपैंया नागरिक लगानी कोषबाट प्राप्त भई निज कै आदेशले खर्च भएको र बाँकि करिव १२ करोड रुपैंया महाप्रबन्धक श्री श्याम कुमार महतोको कार्यकालमा नागरिक लगानी कोषबाट प्राप्त भई निजको आदेशले खर्च भएको र सो खर्च भएको रकम तोकिएको १० बुँदे Schedule (तालिका नं. १) अनुसार खर्च व्यवस्थापन नगरेको भन्ने जानकारी प्राप्त भयो ।

जनकपुर चुरोट कारखाना लिमिटेडका अवकाश प्राप्त कर्मचारी तथा **कारखाना व्यवस्थापन कार्यको भुक्तानी सम्बन्धमा[९] छानविन भइरहेको** अवस्थालाई ध्यानमा राख्दै नेपाल सरकार (मा. मन्त्रिस्तर) को मिति २०६७।५।२३ को निर्णयानुसार अर्को आदेश नभएसम्म त्यस कारखानाका **निमित्त महाप्रन्धक श्री राम स्वार्थ यादवलाई** यस मन्त्रालयमा हाजिर हुन पठाइदिनुहुन भनी उद्योग मन्त्रालयले मिति २०६७।५।२४ को पत्रबाट जनकपुर चुरोट कारखाना लिमिटेडलाई अनुरोध गरेको र सोहि वमोजिम **मिति २०६७।५।२९बाट निज उद्योग मन्त्रालयमा हाजिर भएको** व्यहोरा उद्योग मन्त्रालयबाट प्राप्त कागजातबाट देखिन्छ ।

८) माथि उल्लेखित तालिका नं. २ र ३ अनुसार **संचालक समितिले दुइ पटक खर्च व्यवस्थापनको Schedule बनाई खर्च गर्न निर्देशन गरेको** भएता पनि **व्यवस्थापन पक्षले यसको पालना नगरी** तालिका नं. ४ को कोलममा देखाइए अनुसार खर्च गरेको देखिएको ।

९) जनकपुर चुरोट कारखाना लि. को काठमाण्डौंको का. म. पा. वडा १० स्थित घर जग्गा नागरिक लगानी कोषलाई विक्रि गरे वापत प्राप्त हुने **रकम रु. ७२,२०,७४,०००। मध्ये** नेपाल सरकारलाई वक्यौता भुक्तानी गरेपछि **कारखानाले खुद रकम रु. ५३ करोड ७० लाख विभिन्न मितिमा पाएको** । यो रकम नागरिक लगानी कोषले कारखानाको क्षेत्रिय कार्यालय काठमाण्डौंको खातामा विभिन्न मितिमा जम्मा गरेको र पछि विभिन्न मितिमा क्षेत्रिय कार्यालय काठमाण्डौंबाट केन्द्रिय कार्यालय जनकपुरको खातामा ट्रान्सफर गरेको देखिन्छ । यसको विवरण निम्नानुसार रहेको छ ।

[९] निज नायब महाप्रबन्धकले माथि उल्लेखित तालिका नं. २ र ३ अनुसार खर्च नगरी तालिका ४ को कोलममा देखाइए अनुसार खर्च गरेको सम्बन्धमा उद्योग मन्त्रालयबाट भएको कारवाहि भएको ।

तालिका ५: जग्गा विक्रि वापत कारखानालाई नागरिक लगानीकोष बाट प्राप्त रकमको विवरण

| क्षेत्रिय कार्यालय काठमाण्डौको खातामा जम्मा भएको | | क्षेत्रिय कार्यालय काठमाण्डौ बाट केन्द्रिय कार्यालयको खातामा ट्रान्सफर भएको | |
|---|---|---|---|
| मिति | रकम रु. | मिति | रकम रु. |
| २०६७।३।२० | २०,००,००,०००। | २०६७।३।२५ | २०,००,००,०००। |
| २०६७।४।५ | २३,००,००,०००। | २०६७।४।१९ | १०,००,००,०००। |
| | | २०६७।४।२७ | ५,००,००,०००। |
| | | २०६७।५।२९ | २,०२,६९,०००। |
| २०६७।६।१९ | १०,००,००,०००। | २०६७।६।१० | ४,००,००,०००। |
| | | २०६७।६।२७ | ४,९७,३१,०००। |
| | | २०६७।६।२६ | ७,००,००,०००। |
| २०६७।८।१९ | ७०,००,०००। | २०६७।९।२६ | ४,००,०००। |
| | | २०६७।९।२८ | ४६,००,०००। |
| जम्मा | ५३,७०,००,०००। | | ५३,५०,००,०००। |

१०) प्रस्तुत विवरण अनुसार क्षेत्रिय कार्यालय काठमाण्डौबाट केन्द्रिय कार्यालयको खातामा जम्मा **रु ३७,०२,६९,०००।०० ट्रान्सफर हुँदा कारखानामा श्री राम स्वार्थ यादव निमित्त महाप्रबन्धकको रुपमा कार्यरत रहेको** र **रु १६,४७,३१,०००।०० ट्रान्सफर हुँदा श्री श्याम कुमार महतो कारखानाको महाप्रबन्धकको रुपमा कार्यरत** रहेको देखिन्छ ।

११) यसरी कारखानाले घर जग्गा विक्रि गरे वापत पाएको खुद रकम रु. ५३ करोड ५० लाख मात्र भएको र यस मध्ये माथि सि.नं १० मा उल्लेख भए अनुसारको **रकम श्री राम स्वार्थ यादव निमित्त महाप्रबन्धकको रुपमा कार्यरत रहेको अवधीमा प्राप्त भई सोहि अवधिमा खर्च समेत भएको** देखिएको हुनाले महाप्रबन्धक श्याम कुमार महतोले रु. ७२ करोड २० लाख ७४ हजार मनोमानी ढङ्गले खर्च गरेको भन्ने आरोप लगाई **माननीय उद्योग मन्त्रीज्यूलाई मिति २०६८।४।११ मा व्यवस्थापन पक्षका तर्फबाट** नायब महाप्रबन्धक श्री राम स्वार्थ यादव लगायतका व्यवस्थापकहरु र आठ मजदुर संगठनको संयुक्त समन्वय समितिले **दिएको निवेदन युक्ति संगत देखिएन** । प्राप्त रकम तथा खर्चको सम्बन्धमा मजदुर संगठनलाई यथार्थ जानकारी हुने/नहुने अवस्था यकिन नभए पनि यस सम्बन्धमा नायब महाप्रबन्धकलाई यथार्थ जानकारी नहुने भन्ने अवस्था नरहेकोले यस सम्बन्धमा माननीय उद्योग मन्त्रीज्यूलाई माथि उल्लेखित व्यहोराको निवेदन दिने कार्यमा निज नायब महाप्रबन्धक संलग्न हुनु अति गम्भिर विषय भएको देखिन्छ ।

१२) यसरी कारखानाले घर जग्गा विक्रि गरे वापत पाएको खुद रकम रु. ७२ करोड २० लाख ७४ हजार नभई रु. ५३ करोड ७० लाख मात्र भएको र सो रकम खर्च गर्ने सम्बन्धमा स्विकृत शिर्षकहरु मध्ये केहि शिर्षकमा तोकिएको भन्दा बढि रकम खर्च भएको, केहि शिर्षकमा स्विकृत शिर्षकमा तोकिएको खर्च भन्दा कम खर्च भएको, केहि स्विकृत शिर्षकमा कुनै रकम खर्च नभएको र केहि शिर्षकहरु स्विकृत शिर्षक भन्दा वाहिर खर्च भएको देखिन्छ । यसरी स्विकृत शिर्षक भन्दा बाहिर खर्च गरेको सम्बन्धमा छानविन भई कारखानाका निमित्त महाप्रन्धक श्री राम स्वार्थ यादवलाई यस मन्त्रालयमा हाजिर गराइएको देखिन्छ।

## रु. २६ करोडको सम्बन्धमा[१०]

१) मिति २०६६ असोज मसान्त भित्र अर्थ मन्त्रालयबाट कारखानालाई प्राप्त **रु. २६ करोडको सम्बन्धमा**, कारखानाको व्यवस्थापन पक्षले छानविन टोलीलाई उपलब्ध गराएको विवरण अनुसार अवकाश प्राप्त कर्मचारीहरु २२९ जनाको लागि रु. २२,१८,१३,४४५।७२ भुक्तानी भएको देखिन्छ भने **बाँकि रकम अन्य विभिन्न शिर्षकमा कारखानाका अध्यक्ष श्री राम अशिष प्रसाद गुप्ता र नायब महाप्रबन्धक श्री राम स्वार्थ यादवको आदेशबाट खर्च भएको** भनी कारखानाको आर्थिक प्रशासन महाशाखाबाट यस अध्ययन कार्य टोलीलाई जानकारी गराइयो । यस अनुसार नेपाल सरकारबाट दिइएको उक्त रु २६ करोड अवकाश प्राप्त कर्मचारीहरुलाई भुक्तानी दिने बाहेक अन्य शिर्षकमा समेत खर्च गरेको देखियो । यसको विवरण निम्नानुसार रहेको छ ।

**तालिका ६ : रु. २६ करोड बाट खर्च भएको विवरण**

| सि. नं. | खर्चहरुको शिर्षक | रकम रु. |
|---|---|---|
| १. | अवकाश प्राप्त कर्मचारीहरुको भुक्तानी | २२,१८,१३,४४५।७२ |
| २. | सुर्ति डकुमेन्ट छुटाउन | १,७३,००,०००। |
| ३. | विरगंज भन्सार कार्यालयलाई | ४१,४३,०००। |
| ४. | आल्मुनियम फ्वायल्सको डकुमेन्ट छुटाउन | २१,००,०००। |
| ५. | प्रिन्टिङ्ग इन्कको डकुमेन्ट छुटाउन | ९,९७,०००। |
| ६. | कलकत्ता पोर्ट | ३०,३८,०००। |
| ७. | बैंक व्याज तथा कर्मचारी भुक्तानी -तलब र अन्य) | ७५,००,०००। |
| | जम्मा : | २६,००,००,०००। |

**रु. २६ करोडको खर्च सम्बन्धमा** कारखानाबाट प्राप्त भएका कागजात र जानकारीको आधारमा **तयार गरिएको विस्तृत विवरण अनुसूची २ मा** समावेश गरिएको छ ।

उक्त **रु २६ करोडको खर्चको सम्बन्धमा आन्तरिक लेखा परिक्षण भई नसकेको** भनी आन्तरिक लेखा परिक्षणका अधिकृत श्री सन्तोष कुमार घिमिरेबाट जानकारी प्राप्त भएको छ ।

[१०] अध्ययन कार्य टोलीको कार्य विवरणको बुँदा (ख) संग सम्बन्धित ।

## आ. व. ०६६।०६७ र २०६७।६८ को यथार्थ आय व्ययको विवरण सम्बन्धमा

१) **आ. व. ०६६।०६७ को यथार्थ आय व्ययको** चित्रण गर्ने विवरणहरु निम्नानुसार रहेका छन् । आ. व. ०६४।०६५ सम्मको मात्र अन्तिम लेखा परिक्षणको प्रतिवेदन कारखानाबाट प्राप्त भएको र त्यस पछि लेखा परिक्षण नभएको जानकारी प्राप्त भएकोले प्राप्त विवरणहरु कारखानाले उपलब्ध गराएको निम्न कागजातको आधारमा उल्लेख गरिएको प्रोभिजनल मात्र हुन् ।

- आर्थिक वर्ष २०६६।६७ को वासलात (मिति २०६७।९।२७ मा तयार गरिएको)
- २०६६।४।१ देखि २०६७।३।३१ सम्मको नाफा नोक्सान हिसाब, (अनुसूची समेत)
- २०६६।६७ को नगद प्रवाहको विवरण

उक्त विवरणहरु वमोजिम आ. व. २०६६।६७ को आय व्ययको मोटामोटी विवरण निम्नानुसार रहेको देखिन्छ ।

**तालिका नं. ७ : आ. व. ०६६।०६७ को आय व्ययको विवरण (प्रोभिजनल)**

| विवरण | आय रकम रु. | विवरण | व्यय रकम रु. |
|---|---|---|---|
| विक्रि आम्दानी | ३०४,७४९,६७४।४० | विक्रि लागत | ३०९,०८२,१२६।७१ |
| अन्य व्यवसायिक आम्दानी | ६,०४६,०३३।०८ | वितरण खर्च | ७८,१५६,७४१।९६ |
| | | प्रशासकिय खर्च | २०२,९४९,७५६।८३ |
| | | व्याज खर्च | ४१,३५६,९०१।१२ |
| | | ह्रास खर्च | ३,९५६,७१२।४१ |
| जम्मा | ३१०,७९५,७०७।४८ | जम्मा | ६३५,५०२,२३९।०३ |

उपरोक्त विवरणहरुका अतिक्ति यस आर्थिक वर्षमा नेपाल सरकार द्वारा कर्मचारी अनिवार्य अवकाशका लागि प्रदान गरिएको ऋण रु. २६ करोड सम्बन्धि विवरण तथा सुर्ति खरिद सम्बन्धि मुख्य मुख्य विवरणहरु यसै प्रतिवेदनका अन्य शिर्षकहरु तथा अनुसूचीमा परेका छन् ।

**प्रस्तुत आम्दानी तथा खर्च सम्बन्धमा अन्तिम लेखा परिक्षण भइ नसकेको** हुनाले अख्तियार दुरुपयोग भए नभएको बारे यकिन गर्ने अवस्था रहेन । साथै, आर्थिक प्रशासन महाशाखा र जिन्सि महाशाखाहरुले समय मै काम सम्पन्न गर्न नसकेको कारण आन्तरिक लेखा परिक्षण समेत उक्त आ. व. मा समय मै हुन नसकेको पाइयो ।

२) **आ. व. ०६७।०६८ को यथार्थ आय व्ययको हकमा** हालसालै मात्र आर्थिक वर्षको समाप्ति भएकोले **प्रोभिजनल विवरणहरु समेत तयार भइनसकेको** जानकारी कारखानाबाट प्राप्त भएकोले यसको विवरणहरु प्रस्तुत गर्न सकिएन । तथापि उक्त आर्थिक वर्षमा कारखानाको बानेश्वर स्थित घर जग्गा विक्रिबाट प्राप्त रकमको विवरण छुट्टै यस अघि नै उल्लेख गरिसकिएको छ ।

**किसानहरुलाई तिर्नु पर्ने बाँकि भुक्तानीको विवरण सहित हाल कारखानाको जम्मा अनुमानित दायित्वबारे**[११]

१) **किसानहरुलाई तिर्नु पर्ने बाँकि** भुक्तानीको विवरण **सहित** हाल कारखानाको **जम्मा अनुमानित दायित्व करिव रु. ९१ करोड ४६ लाख रहेको** व्यहोरा कारखानाको आर्थिक प्रशासन शाखाबाट प्राप्त भएको छ । यसको विवरण निम्नानुसार रहेको छ ।

**तालिका नं. ८ : कारखानाको हालको जम्मा दायित्वको विवरण** (रु. लाखमा)

| | | | |
|---|---|---|---|
| १. | कर्मचारी सम्बन्धि दायित्व | | |
| | (क) | कर्मचारीहरुको तलब भत्ता तथा अन्य भुक्तानी २०६८ असार र श्रावण | २२५ |
| | (ख) | कर्मचारी संचयकोष दाखिला | ६०० |
| | (ग) | अवकाश प्राप्त कर्मचारीहरुको फर फारक भुक्तानी | ३०० |
| | | जम्मा : | **१,१२५** |
| २ | अन्य दायित्व | | |
| | (क) | राजश्व | २५० |
| | (ख) | विमा प्रिमियम | १,६०० |
| | (ग) | सहायक सामान तथा प्याकिङ्ग सामान | १०० |
| | (घ) | भारतीय सुर्ति सप्लाएर्स | ५५० |
| | (ङ) | ढुवानी भाडा (सुर्ति ढुवानीकर्तालाई) | ३२ |
| | (च) | नेपाली सुर्ति कृषकलाई | ६४ |
| | (छ) | एभरेष्ट बैंक किस्ता | १०० |
| | | जम्मा : | **२,६९६** |
| ३ | ऋृण दायित्व | | |
| | (क) | हाइपो कर्जा ने. बैं. लि. | २,९०० |
| | (ख) | हाइपो कर्जा रा. वा. बैंक | ५७५ |
| | (ग) | नेपाल सरकार | १,८५० |
| | | जम्मा : | **५,३२५** |
| | | कुल जम्मा : (१) + (२) + (३) = | **९,१४६** |

[११] अध्ययन कार्य टोलीको कार्य विवरणको बुँदा (घ) संग सम्बन्धित ।

## कारखानाको मेशिनरी औजार, उपकरणहरुको वर्तमान अवस्था सम्बन्धमा[१२]

१) कारखानाको मेशिनरी औजार, उपकरणहरुको सम्बन्धमा कारखानाका वर्क्स महाशाखाका प्रमुख बरिष्ठ मेकानिकल इन्जिनियर श्री ललित कुमार रौनियार संगको छलफल समेतबाट प्राप्त विवरण अनुसार उत्पादन मेशिनरीहरु धेरै पुराना भएता पनि चल्न सक्ने अवस्थामा रहेको छ । उत्पादनका लागि आवश्यक कच्चा पदार्थहरु र व्वाइलर संचालन गर्न आवश्यक डिजेल प्राप्त भएमा सर सफाई तथा साधारण मर्मत गरे पछि उद्योग तुरुन्त संचालनमा ल्याउन सकिने व्यहोरा उक्त महाशाखाका प्रमुखबाट यस अध्ययन टोलीलाई जानकारी गराइयो । कारखानामा रहेका Primary Processing Unit, Making Unit, Packing Unit, Printing Unit, Carpentry Unit, Power House Unit, Workshop Unit, Quality Control Department, Air Conditioning Unit तथा Vehicle Unit मा रहेका **मेशिनरी, औजार तथा उपकरणहरुको र गाडिहरुको** तत्काल चल्न सक्ने/मर्मत गरी चल्न सक्ने वा चल्न नसक्ने वारेको **हालको अवस्था सम्बन्धमा विस्तृत विवरण र फोटो अनुसूची ३** मा समावेश गरिएको छ ।

[१२] अध्ययन कार्य टोलीको कार्य विवरणको बुँदा (ङ) संग सम्बन्धित ।

**मेशिनरी औजार, उपकरणको मर्मत संभार एवम् क्षमता बृद्धि सम्बन्धमा**[१३]

१) मेशिनरी औजार, उपकरणको मर्मत संभार एवम् क्षमता बृद्धिका लागि अवलम्बन गर्नु पर्ने समयवद्ध उपायहरु वारेमा व्यवस्थापन पक्ष सरोकारवाला निकायहरु समेत सँगछलफलहरु गर्दा तत्कालीन, अल्पकालीन र दीर्घकालीन रुपमा निम्नानुसारको व्यवस्था गरिनु पर्ने देखिन्छ ।

**तत्कालीन व्यवस्थाः**
कारखानामा जडित मेशिनरी औजार, उपकरणहरु धेरै पुराना भएको र सो मेशिनहरुलाई सामान्य मर्मत गरी संचालन गर्न सकिने भएकोले विगत वर्षमा सो कार्यको लागि रु १२ लाख खर्च गरेको देखिएकोले तत्काललाई सो मर्मत संभार कार्यका लागि तथा स्पेयर पार्टस् खरिदका लागि यो वर्षका लागि बढिमा १२ लाख रुपैंया नेपाल सरकारले ऋण/अनुदान उपलब्ध गराउनु पर्ने र सो मेशिन संचालनको लागि आवश्यकता अनुसार दक्ष जनशक्तिको व्यवस्था समेत गरिनु पर्ने देखिन्छ ।

**अल्पकालीनः**
कारखानामा जडित मेशिनरी औजार, उपकरणहरु धेरै पुराना भएको र केहि मेशिनहरु थप नगरी गुणस्तरमा सुधार नहुने, उत्पादकत्व (Yield) नबढ्ने, जर्ति घटाउन नसकिने भएकोले सोको लागि व्यवस्थापन पक्षले आवश्यक पहल गरिनु पर्ने देखिन्छ ।

**दीर्घकालीनः**
कारखानामा जडित मेशिनरी औजार, उपकरणहरु धेरै पुराना भएको कारणले हालको प्रतिस्पर्धात्मक बजारलाई समेट्न नसक्ने भएको र पूर्ण क्षमतामा संचालन गर्न समेत विस्तारै थप नयाँ प्रविधियुक्त मेशिनरी उपकरण ल्याई जडान गरी कारखानालाई आधुनिकिकरण गर्नको लागि व्यवस्थापन पक्षले आवश्यक पहल गरिनु पर्ने देखिन्छ।

[१३] अध्ययन कार्य टोलीको कार्य विवरणको बुँदा (च) संग सम्बन्धित ।

## कारखानाको सुचारु संचालन र सुधारका सम्बन्धमा[१४]

१) कारखानाको सुचारु संचालन र सुधारका लागि कारखानाको व्यवस्थापन, संचालक समिति र नेपाल सरकारले गर्नुपर्ने कार्यहरु र व्यहोर्नु पर्ने लागतको अनुमान सम्बन्धमा,

### (क) कारखानाको व्यवस्थापनले गर्नु पर्ने कार्यहरु

१) नेपाल सरकार र संचालक समितिको बैठकबाट निर्णय भए अनुसारका शिर्षकहरुमा मात्र खर्च गर्नुपर्नेमा त्यस अनुरुप खर्च गर्ने गरेको नपाइएकोले वित्तिय अनुशासन कायम गर्न व्यवस्थापन पक्षले थप संरचना निर्माण गर्नु पर्ने । उदाहरणको लागि महाशाखा प्रमुखहरुको समिति बनाई सो समितिको सिफारिसमा मात्र खर्च गर्ने व्यवस्था मिलाउने ।

२) उत्पादनसँग प्रत्यक्ष सरोकार राख्ने आवश्यक कच्चा पदार्थ तथा सहायक कच्चा पदार्थको आपूर्ति व्यवस्था प्रचलित कानूनको अधिनमा रही सहज बनाउन विगतमा कारखाना संचालनका लागि आवश्यक पर्ने कच्चा पदार्थको मौज्दात ३ महिनाको लागि राख्ने गरिएको व्यवस्थालाई निरन्तरता दिने ।

३) व्यपस्थापनलाई सुदृढ गरी कारखाना सुचारु रुपमा संचालन गर्नका लागि कारखानामा रिक्त रहेका नवौं तथा दशौं तह र आवश्यक प्राविधिक कर्मचारीहरु पूर्तिका लागि विगतमा अवकाश पाएका व्यवस्थापकहरु/कर्मचारीहरु मध्येबाट आवश्यकता अनुसार दक्ष, अनुभवी व्यक्तिहरुको छनौट गरी काममा तुरुन्त लगाउने ।

४) कारखानाको उत्पादन व्यवस्थालाई सुदृढ गर्न संगठनात्मक ढाँचा (Organization Chart) मा उल्लेख भएको दरवन्दि वमोजिमको उत्पादन एवम् मेशिनरी संचालन पक्षका नेतृत्व तहको नायव महाप्रबन्धक (अपरेशन) लाई तुरुन्त पूर्ति गर्नु पर्ने ।

५) कारखानाको निरिक्षणको क्रममा विगत वर्षहरु देखि उत्पादन निरन्तर रुपमा घट्दै गई हाल लक्षको करिव १० प्रतिशत मात्र उत्पादन हुनु, हाल कारखाना बन्द हुनु र अस्थिर व्यवस्थापनको कारणले कामदार कर्मचारीहरुको मनोबल न्यूनतम विन्दुमा पुगेको अवस्था भएकोले त्यस तर्फ व्यवस्थापनले उचित ध्यान दिई दण्ड र पुरस्कारको व्यवस्था गर्नु पर्ने र उत्प्रेरणाका लागि वाधक रहेका निश्चित कामदार कर्मचारीहरुलाई हटाई काम गर्ने वातावरणलाई सकारात्मक स्थितिमा ल्याउनु पर्ने ।

[१४] अध्ययन कार्य टोलीको कार्य विवरणको बुँदा (छ) संग सम्बन्धित ।

६) नेपाल सरकारले नियुक्त गरेका महाप्रबन्धकलाई कारखाना भित्र प्रवेश गर्न नदिई कारखाना संचालनमा वाधा पुऱ्याउन भूमिका खेल्ने गरेका व्यवस्थापकहरुलाई पहिचान गरी कारवाहि अगाडि बढाउनु पर्ने ।

७) कारखानाको उत्पादन कक्षको अवलोकन गर्दा उत्पादन युनिटहरु सफा र स्वच्छ रहेको नदेखिएको, सुर्ति यत्रतत्र छरिएको देखिएकोले यसको उचित व्यवस्थापन गर्न 5S (House Keeping), Cleaner Production जस्ता Productivity अभिबृद्धि गर्ने, Waste Minimization गर्ने Technique हरु लागू गर्ने ।

८) कारखानाको उत्पादन घट्दै गएको अवस्थालाई दृष्टिगत गरी विषय सँगसम्बन्धित विज्ञ तथा इन्जिनियरहरुको संख्या छिटै बढाई उत्पादन तथा उत्पादकत्व बढाउने र Quality Management System, Environmental Management System, Occupational Health and Safety System आदि अन्तरराष्ट्रिय मापदण्डहरु लागू गरी कारखाना र उत्पादनको गुणस्तरलाई अभिबृद्धि गर्ने र आधुनिक Supply Chain Management अवधारणा अन्तरगत कारखाना संचालन गर्ने ।

९) कारखानालाई आवश्यक पर्ने सुर्ति खरिदको trend हेर्दा प्रत्येक वर्ष अस्वभाविक रुपमा सुर्तिको मूल्य बढेको देखिएको र यस विषयमा व्यवस्थापन पक्षले ठोस कारण प्रस्तुत गर्न नसकेको र संचालक समितिबाट समेत समिक्षा भएको नदेखिएकोले यस सम्बन्धी व्यवस्थालाई पारदर्शि भएको भन्न सकिने अवस्था रहेन । अतः सुर्ति खरिद प्रक्रियालाई पुनरावलोकन गर्नु पर्ने ।

**(ख) संचालक समितिले गर्नु पर्ने कार्यहरु**

१) नेपाल सरकार, कारखाना र महाप्रबन्धक विच मिति २०६७।६।७ मा भएको त्रिपक्षिय करारनामा वमोजिम संस्थाको उद्येश्य, दुरदृष्टि, दीर्घकालीन लक्ष प्राप्त गर्न र रणनीति कार्यान्वयन गर्न महाप्रवन्धकले आफ्नो दायित्व पूरा गरे नगरेको विषयमा Performance Appraisal गर्नु पर्ने ।

२) संचालक समितिको बैठकहरु कारखाना स्थलमा वस्दा उद्योगको वस्तुस्थिति वारेमा संचालक समितिका सदस्यहरुले यथार्थ रुपमा जानकारी प्राप्त गर्न सक्ने हुँदा संचालक समितिको बैठकहरु अनिवार्य रुपमा कारखाना स्थलमा बस्ने व्यवस्था मिलाउने । यसो गर्दा कारखाना संचालनमा प्रत्यक्ष रुपमा संलग्न रहेका नेतृत्वदायि भूमिका निभाएका व्यवस्थापकहरु सँगपनि अन्तरक्रिया गर्न सजिलो हुने हुनाले संचालक समितिबाट गरिने निर्णयहरु अझ बढि वस्तुपरक हुन जाने हुन्छ ।

३) आ. व. २०६६।६७ र ०६७।६८ को चैत्र मसान्तसम्म सम्पन्न भएका संचालक समितिको बैठकको trend हेर्दा अस्वभाविक रुपमा कुनै कुनै महिनामा प्रत्येक दिन जसो संचालक समितिको बैठक बस्ने गरेको देखिएको हुँदा त्यस्तो परिपाटि कारखानाको उद्येश्य, दुरदृष्टि, दीर्घकालीन लक्ष प्राप्त गर्न र रणनीति

कार्यान्वयन गर्न सहायक देखिएन । संचालक समिति बैठक सिमित गरेको अवस्थामा व्यवस्थापकलाई कारखाना संचालन गर्नमा ध्यान पुऱ्याउन अझ बढि समय प्राप्त हुने ।

४) कारखाना संचालन गर्ने मुख्य दायित्व महाप्रबन्धकको भएको हुनाले महाप्रबन्धकको जिम्मेवारीलाई अझ सशक्त बनाउन संचालक समिति र महाप्रबन्धक विचको अधिकार र कर्तव्य सम्बन्धमा पुनरावलोकन हुनु पर्ने ।

५) कारखानाको सांगठनिक संरचना (Organization Chart) लाई कारखानाको उद्येश्य, दुरदृष्टि, दीर्घकालीन लक्ष र रणनीति प्राप्त गर्ने हिसाबले थप नायब महाप्रबन्धकहरुको दरवन्दि श्रृजना गरी कामको बाँडफाँड मिलाउनु पर्ने ।

**(ग) <u>नेपाल सरकारले गर्नु पर्ने कार्यहरु</u>**

१) कारखाना सुचारु गर्न नेपाल सरकारले तुरुन्त नयाँ व्यवस्थापक तोक्ने ।

२) नेपाल सरकारबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने पदाधिकारीहरु वाहेक अन्य पदाधिकारीहरु औद्योगिक व्यवस्थापनमा लामो अनुभव भएका, अन्य औद्योगिक प्रतिष्ठानहरुमा नेतृत्वदायि भुमिका निभाएका र फलदायी योगदान गरेका अनुभवी व्यक्तिलाई संचालक समितिको सदस्यमा नियुक्ति गर्नु पर्ने ।

३) कारखानाको महाप्रबन्धक नियुक्ति गर्दा उद्योगको नेतृत्व तहमा कार्य गरी performance को proven track record भएको सक्षम व्यक्तिलाई छनौट गरी कारखाना स्थलमा नै पूर्ण कालीन समय बसी कार्य गर्ने गरी व्यवस्था मिलाउनु पर्ने ।

४) महाप्रबन्धकलाई दिइएको जिम्मेवारीको मूल्याङ्कन गर्नका लागि साविक वमोजिमको करारको व्यवस्थालाई निरन्तरता दिने । सो विषयमा महाप्रबन्धकले करार अनुसार कार्य सम्पादन मूल्याङ्कन गर्ने प्रयोजनका लागि सहायक हुने तथ्याङ्क र सूचनाहरु प्रत्येक महिना उद्योग मन्त्रालयमा अनिवार्य रुपमा पेश गर्नु पर्ने ।

५) महाप्रबन्धकलाई तोकिएको पूरा कार्यकाल काम गर्न दिन वातावरण सिर्जना गर्नु पर्ने ।

६) कारखानाको व्यवस्थापनबाट माग भए वमोजिम कर्मचारीहरुलाई स्वेच्छिक अवकाश दिने व्यवस्था गरी सो पश्चात संगठनको पुनः संरचना गर्न उपयुक्त हुने ।

७) तत्काल कारखाना संचालन गर्नका लागि कारखाना व्यवस्थापन पक्षबाट विभिन्न शिर्षकमा गरी रु २६ करोड ५० लाख माग भएको सम्बन्धमा सोको व्यवस्था नेपाल सरकारले गर्नु उपयुक्त हुने देखिन्छ ।

८) जनकपुर चरोट कारखाना एक बृहतस्तरको उत्पादनमूलक एवम व्यापारिक संस्था भएकोले कारखाना भित्रको आर्थिक अनियमितता एवम् अख्तियारको दुरुपयोग भए नभएको भनी छानविन गर्न कानून, लेखा र लेखा परिक्षणको दक्षता हासिल गरेका विज्ञहरु सम्मिलित टोली गठन गरी प्राप्त प्रतिवेदनको आधारमा कारवाहि गर्नु उपयुक्त हुने ।

**<u>कार्य टोलीको ठोस राय सहितको शिफारिसः</u>**

१) महाप्रबन्धक श्री श्याम कुमार महतो र कारखानाका कामदार कर्मचारी तथा व्यवस्थापकहरु विच समन्वयको अभावमा सुमधुर सम्बन्ध कायम नरहेको कारणले महाप्रबन्धकलाई कारखाना स्थलमा प्रवेश निषेध गरेको सन्दर्भमा समेत निज सोहि स्थानमा गई सुचारु रुपले कारखाना संचालन गर्न गराउन सक्ने अवस्था विद्यमान रहेको नदेखिंदा सो सम्बन्धमा वैकल्पिक व्यवस्था गर्नु पर्ने ।

२) कारखाना संचालनको शुरुको अवस्थामा जनकपुर चुरोट कारखाना लिमिटेडको संगठन संरचनामा ३ जना नायब महाप्रबन्धक (Administration, Commercial, Operation) रहेकोमा हाल १ जना मात्र नायब महाप्रबन्धक (Administration) रहेको देखिएकोले साविकको संगठन संरचना अनुसार हुने गरी दरवन्दि पुनर्संरचना गर्नु पर्ने । कारखानाको शुरुको तथा हालको संगठन संरचना (Organization Chart) अनुसूची ४ मा प्रस्तुत गरिएको छ ।

३) विगतमा अनिवार्य अवकाश योजना अन्तरगत नेतृत्व तहका उच्च व्यवस्थापकहरु र दक्ष प्राविधिक कर्मचारीहरु कारखानाबाट अलग भएको कारणले उत्पादनको स्थिति निराशाजनक रहेको देखिएकोले उक्त पदहरु तत्काल परिपूर्ति गरी काम सुचारु गर्न निजहरुलाई नै आवश्यकता अनुसार करारमा लिई काममा लगाउनु पर्ने ।

४) कारखानाको उद्येश्य, दुरदृष्टि, दीर्घकालीन लक्ष प्राप्त गर्ने र रणनीति कार्यान्वयन गर्ने विषयमा उद्योग मन्त्रालयको पनि प्रमुख भूमिका रहने हुँदा प्रत्येक वर्ष कारखानाको Management Assessment गर्ने गराउने र सो सन्दर्भमा पहिचान हुने कमि कमजोरीहरुलाई निराकरण गर्न महाप्रबन्धक र संचालक समितिलाई आवश्यक निर्देशन दिने ।

५) कारखानाबाट उत्पादन हुने चुरोटहरुमा खपत हुने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ, श्रम शक्ति, उर्जा शक्ति आदि समेतमा लाग्ने उत्पादन लागतको आधारमा प्रत्येक वर्ष चुरोटको मूल्य पुनरावलोकन गर्नु पर्ने ।

६) यो कारखाना एक व्यवसायिक संस्था भएको हुनाले विगतमा संचालकहरु नियुक्ति गर्दा राजनीतिक पृष्ठभूमी भएका व्यक्तिहरुलाई संचालक नियुक्ति गर्ने परिपाटि रहेको, संचालक समितिमा निजहरु कै बाहुल्यता हुने गरेको कारण समेतले कारखाना जर्जर र दुरावस्थामा पुगेको देखिएकोले संचालक समितिको गठन गर्दा सो समितिको सदस्यहरुमा औद्योगिक व्यवस्थापनमा लामो अनुभव भएका, औद्योगिक प्रतिष्ठानहरुमा नेतृत्वदायि भुमिका निभाएका र फलदायी योगदान गरेका अनुभवी व्यक्तिलाई नियुक्ति गर्नु पर्ने ।

७) नेपाल सरकारले नियुक्त गरेका कारखानाको महाप्रबन्धक श्री श्याम कुमार महतो विगतमा सोहि कारखानाको कर्मचारी रहेको र तत्कालीन अवस्थामा निज प्रति कारखानाको तर्फबाट लान्छना समेत लागेको भनी यस कार्य टोलीलाई जानकारी प्राप्त भएकोले यसरी महाप्रबन्धक नियुक्ति गर्दा हाल अपनाइएको प्रतिस्पर्धात्मक प्रकृयाबाट

व्यक्तिको छनौट गर्दा पूर्व Performance को Proven Track Record आदि हेर्ने गर्ने नपाइएकोले यस्तो विषयलाई समेत समावेश गर्ने गरी हालको छनौट अनुभव समेतलाई समेटी महाप्रबन्धक छनौट प्रक्रियाको पुनरावलोकन गर्नु पर्ने ।

८) कारखानाको महाप्रबन्धकलाई हाल प्रदान गर्ने गरिएको सेवा सुविधा अहिलेको परिवेशमा न्यून देखिएकोले जनकपुर चुरोट कारखाना लिमिटेड जस्तो व्यवसायिक संस्थाको उच्च व्यवस्थापकलाई वर्तमान बजार सुहाउने गरी निजले पाउने सेवा सुविधालाई समय सापेक्ष बनाउनु पर्ने ।

९) कारखानाका मेशिनरीहरु England, India, Germany, Czech, Austria, Russia, Brazil, Switzerland, China बाट आयात भई जडान भएका र ती मेशिनहरु तत्कालका लागि सामान्य मर्मत संभार पछि पूर्ण रुपमा संचालन हुने भएता पनि दीर्घकालीन रुपमा कारखाना संचालन गर्नका लागि गुणस्तरिय आधुनिक प्रविधिबाट सुसज्जित मेशिनरीहरु आयात गरी जडान गरी कारखानालाई आधुनिकिकरण गर्ने ।

१०) २०६८ सालमा कारखानामा कार्यरत रहेका प्राविधिक कर्मचारीहरु मध्ये ४९ जना कर्मचारीहरुले अनिवार्य अवकाश पाउने र यसले गर्दा उत्पादन कार्यलाई प्रत्यक्ष रुपमा अझ असर पार्ने देखिएको सन्दर्भमा त्यस्तो जनशक्तिको उचित व्यवस्थापन हुनु पर्ने ।

११) जनकपुर चुरोट कारखाना लिमिटेड जस्तो पुरानो व्यवसायिक संस्थालाई दक्ष तथा अनुभवी कामदारको आवश्यकता निरन्तर रुपमा परिरहने भएकोले हाल कायम रहेको ३० वर्षे अनिवार्य अवकाश दिने प्रणाली सान्दर्भिक नदेखिएकोले सोलाई आवश्यक संशोधन गरी सो व्यवस्था हटाउन तत्काल कदम चाल्नु पर्ने ।

१२) कारखाना संचालन गर्ने क्रममा सुर्ति खरिद गर्ने प्रयोजनको लागि संचालक समितिको बैठक पटक पटक बस्ने गरेको, सुर्तिको गुणस्तर एवम् मूल्यमा विभिन्नता पाइएको र विदेशबाट आयात गर्ने प्रक्रियामा भारत बाहेक अन्य देश समेतको भ्रमण गर्ने गरेको विषयलाई अनियमितता भएको भन्ने गुनासो आएकोले सुर्तिको खरिद प्रक्रियालाई पुनरावलोकन गर्नु पर्ने ।

१३) जनकपुर चुरोट कारखाना लिमिटेडको आर्थिक वर्ष २०६४।६५ पछाडि लेखा परिक्षण कार्य सम्पन्न गरी लेखा परिक्षकको प्रतिवेदन प्राप्त भएको नदेखिएकोले यथा सक्य छिटो लेखा परिक्षण कार्य सम्पन्न गर्न गराउन संचालक समितिको ध्यानाकर्षण गराउनु पर्ने र आइन्दा देखि कम्पनी ऐन २०६३ वमोजिम तोकिएको म्याद भित्रै लेखा परिक्षणको कार्य सम्पन्न गरी लेखा परिक्षण प्रतिवेदन सहितको यथार्थ आर्थिक विवरण यस मन्त्रालयमा अनिवार्य रुपमा पठाउन पर्ने देखिन्छ ।

१४) कारखानाको तथ्याङ्क अनुसार उत्पादन घट्दै गएको, Yield घट्दै गएको, अन्य कम्पनीहरुको तुलनात्मक Market Share घट्दै गएको, मानवीय संसाधन अवकाश हुँदै गरेको अवस्थालाई मध्ये नजर गरी कारखानाको पुनःरुत्थानको लागि Strategic Business Plan बनाउनु पर्ने ।

| | |
|---|---|
| सह–सचिव श्री रमेश स्थापित | –संयोजक |
| निर्देशक श्री बिपिन राजभण्डारी | –सदस्य |

| | |
|---|---|
| स्वकीय सचिव श्री जय नारायण महतो | –सदस्य |
| लेखा अधिकृत श्री रमेशराज पौडेल | –सदस्य |
| शाखा अधिकृत श्री पुष्परमण पोखरेल | –सदस्य |
| श्री शिव प्रसाद कट्टेल | –सदस्य |
| श्री कृष्णदेव सिं दनुवार | –सदस्य |

मिति : २०६८।५।५

*****

**तालिका ९ : जनकपुर चुरोट कारखानाको SWOT Analysis**[१५]

| Strength | Weakness | Opportunity | Threat |
|---|---|---|---|
| Asset Base | Organizational Leadership | Huge Market (Rs. 20 billion) | नेपाल सरकारको व्यवहार, उदाहरणका लागि संचालक समितिको बनौट र गुणस्तर, महाप्रबन्धक तोक्ने तरिका र गुणस्तर |
| Brand Image | Bad Financial Management | Loyal Customers and Dealers | अनुगमन नगर्ने परिपाटि |
| Blending Knowledge and Competency | Not Updated Organization Structure | New Product Development | Ageing Employees |
| Loyal Customer Base | Less Priority on Training and Development of Employees | Community Goodwill/Government Goodwill | मजदुर संगठनको Aggressiveness |
| Skilled Engineers and Technicians | Retention of Engineers | Availability of Nepali Tobacco | व्यवस्थापन र मजदुर संगठन विच द्वन्दात्मक सम्बन्ध |
| Good Infrastructure | Old Technology | - | अन्य कम्पनीहरु संगको प्रतिस्पर्धा |
| Long Experience in Tobacco Industry | Increase in Price of Indian Tobacco | - | Present Management Style |
| Product Diversify and its Popularity | Procurement Process of Indian Tobacco | - | - |
| - | Vacuum in Top Position of the Company | - | - |

[१५] अध्ययन कार्य टोलीले कारखाना अध्ययन भ्रमणको क्रममा कारखानाका व्यवस्थापकहरु, मजदुर संगठनहरु र अन्य सरोकारवालाहरु संग गरेको छलफलको आधारमा

# अनुसूची

अनुसूची १ - रु. ७२ करोड २० लाख ७४ हजारको सम्बन्धमा

अनुसूची २ - रु. २६ करोडको सम्बन्धमा

अनुसूची ३ - मेशिनरी, औजार तथा उपकरणहरुको हालको अवस्था सम्बन्धमा विस्तृत विवरण

अनुसूची ४ - कारखानाको साबिक तथा हालको संगठन संरचना (Organization Chart)

# अनुसूची १

## रु. ७२ करोड २० लाख ७४ हजारको सम्बन्धमा

| सि. नं. | खर्चहरुको शिर्षक | खर्च गर्न स्विकृत रकम रु. | वास्तविक रकम रु | Observation |
|---|---|---|---|---|
| १. | अवकाश प्राप्त कर्मचारीहरुको भुक्तानी गर्न | १६,३९,१०,०००। | १४,६३,५२,०००। | स्विकृत रकम भन्दा कम खर्च भएको र वास्तविक खर्च भएको भनिएको मध्ये रु १६४०८२८६।को विवरण प्राप्त नभएको |
| २. | राष्ट्रिय विमा संस्थानलाई प्रिमियम भुक्तानी गर्न | १७,५५,७१,०००। | १६,२७,९२,०००। | स्विकृत रकम भन्दा कम खर्च भएको |
| ३. | संचयकोष | ५,६७,७१,०००। | १,००,००,०००। | स्विकृत रकम भन्दा कम खर्च भएको |
| ४. | एभरेष्ट बैकको ( कर्मचारी ऋणको किस्ता) | १,७६,००,०००। | कारखानाको भुक्तानी भौ. नं., मिति — रकम<br>२९६७, २०६७।३।२७ — १,५१,६७,०००।<br>६४४, २०६७।६।१७ — ८५,००,०००।<br>जम्मा — २,३६,६७,०००। | स्विकृत रकम भन्दा बढि खर्च भएको, |
| ५. | राजश्व | ११,००,००,०००। | ११,३०,२०,०००। | स्विकृत रकम भन्दा बढि खर्च भएको |
| | (क) भ्याट (२०६७ वैसाख सम्म) | ६,३०,८०,०००। | ७,००,००,०००। | स्विकृत रकम भन्दा बढि खर्च भएको |
| | (ख) भंसार | २,६४,८८,०००। | २,५५,५२,०००। | स्विकृत रकम भन्दा कम खर्च भएको |
| | (ग) घर जग्गा कर | १,९०,३२,०००। | १,६६,४४,०००। | स्विकृत रकम भन्दा कम खर्च भएको |
| | (घ) कर्मचारी आयकर | १४,००,०००। | ८,२४,०००। | स्विकृत रकम भन्दा कम खर्च भएको |
| ६. | मेशीनरी व्यवस्थापन | ३,००,००,०००। | १२,८३,०००। | स्विकृत रकम भन्दा कम खर्च भएको |

<table>
<tr><th>सि. नं.</th><th>खर्चहरुको शिर्षक</th><th>खर्च गर्न स्विकृत रकम रु.</th><th colspan="3">वास्तविक रकम रु</th><th>Observation</th></tr>
<tr><td rowspan="4"></td><td>(क) मोलेन्स मेशिन संभार</td><td>२,००,०००।</td><td colspan="3">-</td><td>स्विकृत रकम खर्च नै भएको</td></tr>
<tr><td>(ख) मोलेन्स मेशिनबाट किंग साइज चुरोट उत्पादन गर्न थप फिल्टर एटेचमेन्ट जडान गर्न</td><td>१,५०,००,०००।</td><td colspan="3">-</td><td>स्विकृत रकम खर्च नै भएको</td></tr>
<tr><td>(ग) कटिङ्ग मेशिन मर्मत संभार</td><td>७५,००,०००।</td><td colspan="3">-</td><td>स्विकृत रकम खर्च नै नभएको</td></tr>
<tr><td>(घ) मेकिङ्ग, प्याकिङ्ग तथा अन्य मेशिनरी मर्मत संभार</td><td>७३,००,०००।</td><td colspan="3">१२,८३,०००।</td><td>स्विकृत रकम भन्दा कम खर्च भएको</td></tr>
<tr><td rowspan="8">७.</td><td rowspan="8">कच्चा पदार्थ तथा अन्य सहायक कच्चा पदार्थको लागि</td><td rowspan="8">७,८२,२२,०००।</td><td>कारखानाको भुक्तानी भौ. नं., मिति</td><td>रकम</td><td>भुक्तानी प्राप्त गर्ने संस्था</td><td rowspan="8">स्विकृत रकम भन्दा बढि खर्च भएको</td></tr>
<tr><td>१२१२, २०६७८।१३</td><td>६११३२१५।२९</td><td>Mittapalli Audinarayana Enterprises Pvt. Ltd., Guntur.</td></tr>
<tr><td>१५७४, २०६७९। १४</td><td>१२८९३७३।४२</td><td>Agarwal Duplex Board Mills Ltd.</td></tr>
<tr><td>१४३८, २०६७९।५</td><td>८०४०००।</td><td>Nepal Oil Corp.</td></tr>
<tr><td>८७१, २०६७७।११</td><td>७६८०००।</td><td>Nepal Oil Corp.</td></tr>
<tr><td>१७७३, २०६७१०।४</td><td>२६४९९०।९३</td><td>General Metalligers Ltd.</td></tr>
<tr><td>११५४, २०६७८।८</td><td>७६८०००</td><td>Nepal Oil Corp.</td></tr>
<tr><td>जम्मा रु.</td><td colspan="2">८,९१,४४,०००।</td></tr>
<tr><td>८.</td><td>आकस्मिक कोषको लागि</td><td>१,००,००,०००।</td><td colspan="3">-</td><td>स्विकृत रकम खर्च नै नभएको</td></tr>
<tr><td>९.</td><td>जग्गा खरिदको लागि</td><td>२,००,००,०००।</td><td colspan="3">-</td><td>स्विकृत रकम खर्च नै नभएको</td></tr>
<tr><td>१०.</td><td>नेपाल सरकार अर्थ मन्त्रालयलाई ऋण भुक्तानी</td><td>६,००,००,०००।</td><td colspan="3">७,४४,४८,०००।</td><td>स्विकृत रकम भन्दा बढि खर्च भएको</td></tr>
<tr><td>११.</td><td>ने. बै. लि. ले कारखानालाई हाइपो कर्जा लिमिट ३१ करोड उपलब्ध गराईरहेकोमा बैंक मौज्दातबाट ४ करोड कट्टा गरी २७ करोड भएको</td><td>-</td><td colspan="3">४,००,००,०००।</td><td>स्विकृत शिर्षक भन्दा अन्य शिर्षकमा खर्च भएको</td></tr>
<tr><td>१२.</td><td>भंसार २०६७ असोज देखि २०६७ पौष</td><td>-</td><td colspan="3">१,१७,८३,०००।</td><td>स्विकृत शिर्षक भन्दा अन्य</td></tr>
</table>

| सि. नं. | खर्चहरुको शिर्षक | खर्च गर्न स्विकृत रकम रु. | वास्तविक रकम रु | Observation |
|---|---|---|---|---|
| | सम्म | | | शिर्षकमा खर्च भएको |
| १३. | हाइपो कर्जा वापत व्याज | - | १,७६,४०,०००। | स्विकृत शिर्षक भन्दा अन्य शिर्षकमा खर्च भएको |
| १४. | कर्मचारी भुक्तानी तलब भत्तामा | - | २,९४,९३,०००। | स्विकृत शिर्षक भन्दा अन्य शिर्षकमा खर्च भएको |
| | जम्मा | ७२,२०,७४,०००। | ७१,९६,२२,०००। | |

## अनुसूची २

## रु. २६ करोडको सम्बन्धमा

| सि. नं. | खर्चहरुको शिर्षक | रकम रु. | | | आदेश दिने अधिकारी |
|---|---|---|---|---|---|
| १. | अवकाश प्राप्त कर्मचारीहरुको भुक्तानी | २२,१८,१३,४४५।७२ | | | नायब महाप्रबन्धक, भुक्तानी सम्बन्धी पाना ७ को २२९ जनाको नामावली प्राप्त । |
| २. | सुर्ति डकुमेन्ट छुटाउन | कारखानाको भुक्तानी भौ. नं., मिति | रकम | भुक्तानी प्राप्त गर्ने संस्था, नीजको इन्भ्वाइस नं. | तत्कालीन अध्यक्ष राम अशिष प्रसाद गुप्ता र नायब महा प्रबन्धकको आदेशमा । |
| | | ८७८, २०६६।६।४ | ७७,६२,५६८।१४ | Mittapalli Audinarayana Enterprises Pvt. Ltd., Guntur. (invoice: 02)<br><br>Premier Tobacco Packers Pvt. Ltd., Guntur, (invoice: 51, 52)<br><br>Bommidala Brothers, Guntur, (invoice: 01) | |
| | | १३६२, २०६६।७।२५ | ५८,९५,६२८।६७<br>( मध्ये व्याज: ३,२४,९०४।) | | तत्कालीन अध्यक्ष राम अशिष प्रसाद गुप्ता र नायब महाप्रबन्धकको आदेशमा । |
| | | १६६९, २०६६।८।२३ | २०,१७,१०२।०१ | | तत्कालीन अध्यक्ष राम अशिष प्रसाद गुप्ता र नायब महाप्रबन्धकको आदेशमा । |
| | | १९४१, २०६६।१०।७ | ४३,३५,०४५।३१ | Mittapalli Agro products Pvt. Ltd., Guntur. (invoice: 22) | तत्कालीन अध्यक्ष राम अशिष प्रसाद गुप्ता र नायब महा प्रबन्धकको आदेशमा । |
| | | जम्मा | १,७३,००,०००। | | |
| ३. | विरगंज भन्सार कार्यालयलाई | ४१,४३,००० | | | तत्कालीन अध्यक्ष रामाशिष प्रसाद गुप्ता र नायब महाप्रबन्धकको आदेशमा । |
| ४. | आल्मुनियम फ्वायल्सको डकुमेन्ट छुटाउन | २१,००,००० | | | |
| ५. | प्रिन्टिङ्ग इन्कको डकुमेन्ट छुटाउन | ९,९७,००० | २०६६।६।११ (?) | | तत्कालीन अध्यक्ष राम अशिष प्रसाद गुप्ता |

| | | | | |
|---|---|---|---|---|
| | | | | आदेशमा । |
| ६. | कलकत्ता पोर्ट | ३०,३८,००० | २०६६।६।२९ | तत्कालीन अध्यक्ष राम अशिष प्रसाद गुप्ता आदेशमा । |
| ७. | बैंक व्याज तथा कर्मचारी भुक्तानी - तलब र अन्य) | ७५,००,००० | २०६६।६।२८ | नायब महाप्रबन्धकको आदेशमा |

## अनुसूची ३

## कारखानाको मेशिनरी औजार, उपकरणहरुको वर्तमान अवस्था






Janakpurdham, Nepal.
२०
याक
फिल्टर
देउराली
नेपालमा बनेको
गैंडा







# अनुसूची ४

## कारखानाको साबिक तथा हालको संगठन संरचना (Organization Chart)